# प्रथम वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७७/०७८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
प्रदेश प्रशिक्षण प्रतिष्ठान

# लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान

**सम्पर्क:**

**प्रदेश प्रशिक्षण प्रतिष्ठान**

**ठेगाना:**

**लुम्बिनी प्रदेश, नेपालगंज, बाँके**

**सम्पर्क नं.**

**०८१-५२७९७५/ ९८५८०३४९७५**

**ईमेल:** ptalumbini@gmail.com

**वेबसाईट:** www.ptalumbini.gov.np

# नेपालको राजनीतिक तथा प्रशासनिक नक्सा



# लुम्बिनी प्रदेश को राजनीतिक तथा प्रशासनिक नक्सा

## MAP OF PRADESH 5, NEPAL



**प्रदेश सरकार**

**लुम्बिनी प्रदेश**

**मुकाम: बुटवल, नेपाल**

**मुख्यमन्त्री**

## शुभ-कामना

नेपालको संविधान् अनुरुप बि.सं.२०७२ मा मूलुक संघीयतामा प्रवेश गरेता पनि बि.सं. २०७४ मा भएको स्थानीय तथा प्रदेश समेतको निर्वाचन पछि मूलुकले संघीय सरकारको अभ्यासको थालनी गरेको हो । संघीयता पछि प्रदेश सरकारहरु निर्माण भै संचालनमा रहेको चौथो वर्ष पुरा हुन लागिसकेको छ । संघीयताका विषयमा जनस्तर सम्म बहस छलफल भैरहेको पाइनुले संघीयता प्रति जनताको चासो र चिन्ता प्रष्ट देखिन्छ । यथार्थमा संघीयताको अभ्यासले जनस्तरसम्म राजनीतिक तथा सामाजिक चेतना बिस्तार भएको कुरालाई नकार्न सकिदैन । शासकीय सुधारको विषयमा संघीयता संगै ७६१ सरकारहरुले शासकीय अभ्यास गरिरहेको र अधिकार क्षेत्रबिच अस्पष्टता र दोहोरोपना भएकोले अझै पनि केहि अन्यौलता संगै विवाद र बहसहरु पनि हुने गरेका छन । जे भनेपनि संघीयताले जनताको नजिक रहेर सेवा प्रवाह गर्न प्रयास गरिरहेको स्थानीय तह र प्रदेश सरकारको जिम्मेवारी महत्वपूर्ण र अत्यावश्यक देखिदै आएको छ र प्रदेश सरकारले सोही बमोजिम भूमिका पनि निर्वाह गरीराखेको विदितै छ ।

हाल सुशासनका लागि प्रदेश तथा स्थानीय तहको शासकीय क्षमताको अभिवृद्धि प्राथमिकताको विषय बनेको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त,दुरुस्त,पारदर्शी र परिणाममुखी बनाउन प्रदेश र स्थानीय तहको अहिलेको आवश्यकता हो । यसै कुरालाई मध्येनजर गरी प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको क्षमता विकास,प्रदेश सरकार र स्थानीय तहका कार्यक्रम कार्यान्वयनमा सहजिकरण,प्रदेश र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने मुख्य अभिप्रायले गठित् प्रदेश प्रशिक्षण प्रतिष्ठानले आ.व.२०७७/७८ का लागि लक्षित कार्यक्रमहरुको कार्यान्वयन गरी यो प्रतिवेदन प्रकाशन गर्न लागेकोमा र यो पारदर्शिता प्रवर्द्धन तथा सूचनाको हकको प्रयोगको प्रयासको रुपमा भएको पाएको छु ।

कोरोना महामारीका कारण सिर्जित प्रतिकुलताका वाबजुद पनि प्रतिष्ठानले कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास,कर्मचारीको सेवा प्रवेश,सेवाकालीन तालिम,जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको लागि विभिन्न विषयका तालिम तथा अभिमूखीकरण,स्थानीय तहको आवधिक योजना,क्षमता विकास योजना,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको पैरवी,पूर्वाधारको मर्मत सम्भार लगायतका कार्यहरु सम्पन्न गर्न सफल भएकोमा प्रतिष्ठान प्रति कृत्तज्ञ छु ।सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि एउटा उत्कृष्ट प्रतिष्ठानका रुपमा स्थापित गर्दै आफ्नो उद्देश्य प्राप्तिमा प्रतिष्ठान सफल रहने कुरामा मैले पूर्ण विश्वास लिएको छु ।अन्त्यमा,स्वम् प्रतिष्ठान समेत परिणाम मुखी हुन, उद्देश्य प्राप्तिमा सफल हुन आफ्नो समेत क्षमता विकास गर्दै आफुले गरेको कामको दीगोपना सुनिश्चितता गर्ने कार्यमा समेत प्रदेश प्रशिक्षक प्रतिष्ठानको निरन्तर कृयाशिलताका लागि **शुभ-कामना** व्यक्त गर्दछु ।

कुलप्रसाद के.सी.

मूख्यमन्त्री



# शुभकामना सन्देश

संघीयता कार्यान्वयनमा नेपालको संविधान ले तिनै तहका सरकारहरुलाई जिम्मेवारी तथा अधिकारहरु प्रदान गरेको छ। यही व्यवस्था अनुरुप स्थापना भएका सरकारहरुमा खास गरी प्रदेश तथा स्थानीय तहमा कर्मचारीहरू समायोजन तथा नयां नियुक्ति भएर आएको अवस्था छ भने स्थानीय तहको निर्वाचनमा नागरिकबाट निर्वाचित पदाधिकारिहरुलाई नयां संरचना तथा प्रणालीभित्र रहेर आफ्ना जिम्मेवारीहरु निर्वाह गर्न पक्कै पनि थप ज्ञान, सीप तथा क्षमताको आवश्यकता पर्नुका साथै कार्य प्रणालीमा सूधार ल्याउनु पनि जरुरी रहेको छ। मानव संसाधन विकास कुनै पनि व्यक्तिको कार्य सम्पादनमा सुधार ल्याउने माध्यम संगै सशक्तिकरणको एउटा महत्वपुर्ण औजारको रुपमा पनि रहेको हुन्छ। यसै सन्दर्भमा निर्वाचित पदाधिकारिहरु र कर्मचारीहरुको क्षमता विकासमा सहयोग पुर्याउने, सुशासनलाई प्रवर्धन गर्ने, सुशासनका क्षेत्रमा अध्ययन अनुसन्धान, बहस तथा पैरवि गर्ने उद्देश्यले लुम्बिनी प्रदेश सरकारबाट प्रदेश प्रशिक्षण प्रतिष्ठान गठन तथा संचालन आदेश २०७७ जारी गरि यस प्रतिष्ठानको स्थापना भएको हो। यस प्रतिष्ठानले संघीयता कार्यान्वयनमा महत्वपुर्ण भूमिका खेल्ने अपेक्षा पनि लिईएको छ। छोटो समयमा नै प्रतिष्ठानले आफ्नो कार्ययोजनामा रहेका कार्यक्रमहरु संचालन गरी आर्थिक वर्ष २०७७-७८ को प्रतिवेदन तयार गरी सार्वजनिक गर्न लागेकोमा बधाई तथा शुभकामना व्यक्त गर्दछु।

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारिको विचमा पनि प्रतिष्ठानको कार्यालयको स्थापना, कर्मचारीहरुको व्यवस्था, आवश्यक बैठकहरुको आयोजना, आवश्यक दस्तावेजीकरण, पुर्वाधारहरुको मर्मत सम्भार तथा सुधार गर्दै कार्य तथा कृयाकलापहरू कानूनी प्रकृया पुरा गरी संचालन गरेकोमा खुसि पनि व्यक्त गर्न चाहन्छु। स्थानीय तथा प्रदेश तहका तहका कर्मचारी तथा पदाधीकारीहरुकालागि बिभिन्न प्रशिक्षणहरु संचालन तथा प्रणाली सुधार गर्न सहयोग गर्दै आईरहेको यस प्रतिष्ठानले प्रथम वर्षका अनुभव तथा सिकाईहरुलाई पनि आत्मसात गर्दै आगामि दिनमा पनि अझै सशक्त रुपमा क्षमता विकासका क्षेत्रमा प्रशिक्षणहरु, अध्ययन, अनुसन्धान तथा पैरवीका कार्यहरू संचालन गर्दै जाने विश्वास लिएको छु।

आगामि आ.ब.का कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन तथा सफलताकालागि शुभकामना व्यक्त गर्न चाहन्छु।

डिल्लीराम शर्मा
प्रमुख सचिव
लुम्बिनी प्रदेश



## हाम्रो भनाई

नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमबाट मुलुकमा दीगो शान्ति सुशासन विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्यलाइ अंगिकार गर्दै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र अन्य सरोकारवाला कर्मचारीहरुका लागि व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने तालिमहरु प्रदान गर्दै विविध कार्यक्रम संघीयता, सुशासन, सार्वजनिक खरिद प्रणाली, वित्तीय विकेन्द्रीकरण लगायतका शासन र सुशासन सम्बन्धी मुद्धाहरुमा केन्द्रीत रहेर प्रदेश प्रशिक्षण प्रतिष्ठानले कार्यक्रम संचालन गरी पहिलो वार्षिक प्रतिवेदन यँहाहरु समक्ष सार्वजनिक गर्न पाउँदा अत्यन्त गर्व महशुस भएको छ।

कोभिड-१९ ले सिर्जना गरेको विषम परिस्थितिका बावजुद पनि प्रतिष्ठानले यस आ.व.मा उल्लेखनिय सफलता हाँसिल गर्न सफल भएको छ । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण सामग्री एवम् प्रशिक्षण पाठ्यक्रम निर्माण, सेवाकालीन, सेवा प्रवेश लगायतका प्रशिक्षण सञ्चालन गरी व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने तालिमहरु प्रदान गर्दै प्रतिष्ठान अगि बढीरहेको छ।प्रदेश प्रशिक्षण प्रतिष्ठान अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम यहि आ.व. देखि प्रतिष्ठान मार्फत कार्यन्वयनमा आएको जानकारी गराउँन चाहान्छु । स्थानीय तहमा आवधिक तथा क्षमता विकास योजनाको निर्माण , स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन मा सहयोग, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणक मूलप्रभाविकरण, प्रशिक्षण परिषद्को बैठक, तर्जुमा, प्रतिष्ठानको डि.पि.आर निर्माणले निकट भविष्यमा यस प्रतिष्ठान उकृष्टताको केन्द्र बन्ने जगका आधार तय भएका छन्। यसै गरि सार्वजनिक सेवा प्रवाहमा सर्वसाधारण नगरिकको पहुँच बढाउन, लुम्बिनी प्रदेशका हरेक क्षेत्रमा सुशासनको प्रत्याभूति गर्न तथा सदाचार युक्त विकास प्रशासन स्थापित गर्न तर्फ यस प्रदेश प्रशिक्षण प्रतिष्ठानले महत्वपूर्ण भुमिका खेलेको छ।

यस्ता महत्वपूर्ण कार्यहरू सम्पन्न गर्न प्रतिष्ठानलाई निरन्तर मार्गनिर्देश गर्नुहुने लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री ज्यू, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका प्राविधिक टोलि र सरोकारवाला सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मोती प्रसाद शर्मा
कार्यकारी निर्देशक
प्रदेश प्रशिक्षण प्रतिष्ठान

मोति प्रसाद शर्मा
(कार्यकारी निर्देशक)

# सारांस

प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारीहरू र सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रमहरू संचालन गर्ने उद्देश्यका साथ "प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश २०७७" जारीसँगै यस प्रतिष्ठानको स्थापना भएको हो। स्थापना संगै कार्यकारी निर्देशकको नियुक्ति तथा आवश्यक केही कर्मचारीहरूको व्यवस्था भई कार्य संचालनको सुरुवात २०७७ साल कार्तिक महिनादेखि मात्र सुरु भएको थियो।

आ. व. २०७७/०७८ मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका स्थानीय तथा प्रदेश तहमा संचालन गर्नुपर्ने क्रियाकलापहरू तथा प्रदेश सरकार मार्फत प्राप्त कार्यक्रमहरू संचालन भएका थिए। क्षमता विकास कार्यक्रमको अत्यन्त महत्वपूर्ण क्रियाकलापको रूपमा निजामती सेवाका रा. प. अनं. प्रथम र द्वितीय श्रेणीका कर्मचारी र प्रदेश र स्थानीय तहका चौथो र पाँचौ तहमा कर्मचारीहरूका लागि ३ वटा ३५ दिने सेवाकालीन प्रशिक्षण संचालन गरिएको थियो जसमा स्थानीय, प्रदेश तथा संघ अन्तर्गतका कार्यालयका ८८ जना कर्मचारीहरू प्रशिक्षित भएका थिए। त्यसैगरी स्थानीय तथा प्रदेश अन्तर्गतका कार्यालयहरूमा कार्यरत नयाँ कर्मचारीहरूका लागि ५ दिने सेवा प्रवेश तालिम भर्चुअल माध्यमबाट २ वटा मात्र संचालन गरिएको थियो जसमा ६७ जना सहभागी रहेका थिए। यसका साथै सार्वजनिक खरिद प्रक्रिया तथा खरिद प्रशासन सम्बन्धि ४ वटा तालिम पनि भर्चुअल माध्यमबाट संचालन गरिएको थियो। जसमा स्थानीय तहमा कार्यरत १५५ जना कर्मचारीहरू सहभागी थिए भने मध्यमकालीन खर्च संरचना सम्बन्धि २ दिने तालिम पनि भर्चुअल माध्यमबाट संचालन भएको थियो जसमा २१४ जना सहभागीहरू सहभागी थिए। अन्य तालिमहरूमा ४ वटा स्थानीय तहहरूमा दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र नेतृत्व विकास तालिम ४ वटा स्थानीय तहमा र १६ वटा स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरूका लागि पनि सबै स्थानीय तह समेट्ने गरी परामर्श तथा क्षमता विकास कार्यशाला १ पटक भौतिक रूपमा र १ पटक भर्चुअल माध्यमबाट संचालन गरिएको थियो जसबाट १०५ वटा स्थानीय तहहरू लाभान्वित भएका थिए।

स्थानीय तहको लैङ्गिक तथा सामाजिक समावेशिकरणमा सहयोग पुर्‍याउने उद्देश्यले ५१ वटा स्थानीय तहहरूमा लैङ्गिक तथा सामाजिक समावेशिकरण लेखाजोखा (GESI Audit) तथा १०५ वटा स्थानीय तहहरूलाई लैङ्गिक तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण सम्बन्धि अभिमुखिकरण संचालन गरिएको थियो। यी क्रियाकलापाबाट पनि स्थानीय तहहरूले सुधारका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सुरुवात गरेकाले स्थानीय तहको संस्थागत अवस्था पनि लैङ्गिक तथा सामाजिक समावेशिकरणमैत्री हुने र योजनाहरू पनि अझै बढी समावेशी हुने अपेक्षा लिइएको छ।

यस आ.व. को महत्त्वपूर्ण क्रियाकलापको रूपमा कार्यान्वयन गरिएको स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन सम्बन्धि प्रदेश स्तरमा प्रशिक्षक प्रशिक्षण संचालन गरी प्रशिक्षित सहजकर्ता १०९ वटै स्थानीय तहहरूमा सहजीकरण गरिएको थियो। हरेक स्थानीय तहहरूले आफ्नो अवस्थाको पहिचान गरी सुधारका लागि कार्ययोजना समेत तयार गरेको अवस्था छ। १२ वटा स्थानीय तहहरूको आवधिक योजना तयार गर्न र २२ वटा स्थानीय तहहरूको क्षमता विकास योजना तयार गर्न सहयोग गरिएको थियो। जसबाट सम्बन्धित स्थानीय तहहरूको योजना निर्माण तथा संस्थागत तथा मानव स्रोत क्षमता विकासमा सहयोगी हुने देखिन्छ।

कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्नका निम्ति भौतिक पूर्वाधार तथा उपकरणहरूको पनि त्यत्तिकै महत्त्व रहन्छ। त्यसैले यस आ.व. मा प्रशासनिक भवन, प्रशिक्षण भवन, सभाहल, छात्रवास, चमेनागृह, बगैचा, गेट आदिको मर्मत सम्भार गरिएको छ भने प्रशिक्षण हल, सभाहल, छात्रवास तथा प्रशासनिक भवनमा आवश्यक फर्निचरको व्यवस्था पनि गरिएको छ र आवश्यक उपकरणहरू (जस्तै प्रोजेक्टर) जडान गरिएको छ। जसबाट आगामी वर्षहरूमा संचालन हुने प्रशिक्षण कार्यक्रमहरू अझै व्यवस्थित तथा प्रभावकारी हुनेछन्। साथै दीर्घकालीन रूपमा प्रतिष्ठानलाई आधुनिक प्रविधियुक्त प्रशिक्षणको रूपमा स्थापित गर्न प्रतिष्ठानको भौतिक पूर्वाधारमा सुधार गर्नका लागि तय आ.व.मा गुरुयोजना तयार गरी प्रशासनिक भवनको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ। जसबाट आगामी वर्षहरूमा पूर्वाधार निर्माणमा सहयोग मिल्नेछ।

यस आ.व.मा प्रमुख चुनौतिको रूपमा बजेट र कार्यक्रम अनुरूप जनशक्तिको अभाव, कमजोर भौतिक पूर्वाधार, बजेट अख्तियारी ढिलो प्राप्त (पौष १५ गते) हुनु, कार्यक्रमको कुल परिमाण धेरै र छोटो समयावधि बिच कार्यसम्पादन गर्नुपर्ने, प्रतिष्ठानको तालिम संचालनको छुट्टै कार्यविधिको अभाव, प्रतिष्ठानको परिसरमा पुग्न कच्ची सडक जसका कारण वर्षायाममा पुग्न गाह्रो र मुख्य रूपमा कोभिडका कारणबाट सृजित थप चुनौतिहरू रहेका थिए। यी थुप्रै चुनौतिहरूका बाबजुद पनि प्रतिष्ठानको सन्तोषजनक प्रगति देखिएको छ।

यस आ.व. का सिकाई तथा अनुभवहरूलाई ध्यानमा राखी आगामी आ.व. मा योजना गरिएका कार्यक्रमहरूलाई अझै प्रभावकारी रूपमा संचालन गर्दै प्रदेश तथा स्थानीय तहहरूको संस्थागत तथा मानव स्रोत क्षमता विकासमा सहयोग पुयाउँदै नागरिकलाई प्रदान हुने सेवा प्रभावकारी बन्ने कार्यमा योगदान पुर्‍याउन यस प्रतिष्ठानको भूमिका रहने विश्वास गरिएको छ।

# विषय सूची


**परिच्छेद - एक** ........ **१**

**प्रदेश प्रशिक्षण प्रतिष्ठानको परिचय** ........ **१**

१.१ पृष्ठ........ १

१.२ प्रतिष्ठानको संगठनात्मक संरचना ........ २

१.२.१ प्रशिक्षण परिषद्........ २

१.२.२ कार्यकारी समिति ........ २

१.३ प्रतिष्ठानका प्रमुख रणनीतिहरु........ ३

१.४ प्रतिवेदनको संरचना........ ४

१.५ प्रतिष्ठानलाई उपलब्ध साधन स्रोत ........ ४

१.५.१ मानव स्रोत ........ ४

१.५.२ भौतिक स्रोत साधन........ ५

१.५.३ प्रतिष्ठानको वित्तीय स्थिति........ ५

**परिच्छेद - दुई** ........ **६**

**क्षमता विकासमा प्रतिष्ठानको भूमिका**........ **६**

२.१ पृष्ठ........ ६

२.२ प्रतिष्ठानले क्षमता विकासमा गरेको अभ्यास........ ६

**परिच्छेद - तीन**........ **८**

**आर्थिक वर्ष २०७७।०७८ को वार्षिक कार्यक्रम र कार्यप्रगति**........ **८**

३.१ विषय प्रवेश........ ८

३.२ प्रतिष्ठानले सञ्चालन गरेका कार्यक्रमहरु........ ८

३.२.१ सेवाकालीन तालिम ........ ८

३.२.२ सेवा प्रवेश तालिम ........ १०

३.२.३ स्थानीय तहको क्षमता विकास सम्बन्धि अन्य प्रशिक्षण कार्यक्रम तथा कार्यशालाहरु ........ १२

३.२.३.१ दिगो विकास लक्ष्यहरुको स्थानीयकरण ........ १२

३.२.३.२ जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा नेतृत्व विकास तालिम ........ १३

३.२.३.३ सूचन प्रविधि अधिकृतहरुको लागि क्षमता विकास सम्बन्धि परामर्श तथा क्षमता विकास तालिम........ १३

३.२.३.४ सार्वजनिक खरिद प्रक्रिया तथा खरिद प्रशासन........ १४

३.२.३.५ मध्यमकालीन खर्च संरचना सम्बन्धि २ दिने तालिम कार्यक्रम........ १५

३.२.३.६ स्थानीय तहका राजस्व परामर्श समितिलाई एक दिने

अभिमुखिकरण तालिम कार्यक्रम ........ १६
३.२.४ स्थानीय तहको आवधिक योजना निर्माण ........ १८
३.२.५ स्थानीय तहको क्षमता विकास योजना निर्माण ........ २०
३.२.६ स्थानीय तहमा  लै.स.सा.स. लेखाजोखा ........ २२
३.२.७ स्थानीय तहमा  लै.स.सा.स. मूलप्रवाहिकरण ........ २३
३.२.८ स्थानीय तहको स्वमूल्यांकन ........ २४
३.२.९ प्रतिष्ठानको वेबसाईट सम्बन्धमा ........ २७
३.२.१० प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणका लागि गुरुयोजना तथा विस्तृत परियोजना ...... २७
३.२.११ भवन मर्मत सम्भार तथा फर्निचरको व्यवस्था ........ २७

**परिच्छेद - चार ........ ३5**

**प्रतिष्ठानको अवसर र चुनौतिहरू ........ ३5**

४.१ अवसरहरू ........ ३५
४.२ चनुौतिहरू ........ ३५
४.३ भावि रणनीतिहरू ........ ३६

**परिच्छेद - पाँच ........ 37**

**प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यक्रमको प्रभावकारिता ........ 37**

६.१  कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास ........ ३७
६.१.१ मामिला अध्ययन ........ ३७
६.२ अध्ययन, अनुसन्धान र प्रकाशनको व्यवस्था ........ ४७

**परिच्छेद - छ ........ 48**

**निष्कर्ष तथा आगामि कार्यदिशा ........ 48**

**अनसूचीहरू ........ 50**

अनसूची - १ प्रशासनिक संगठन संरचना ........ ५०
अनसूची - २ कर्मचारी दरबन्दी ........ ५१
अनसूची - ३ प्रदेश प्रशिक्षण प्रतिष्ठानमा कार्यरत कर्मचारीको नामावली ........ ५१
अनसूची - ४ प्रतिष्ठानको वित्तीय विवरण ........ ५२
अनसूची - ५ आर्थिक वर्षको २०७७/०७८ को वार्षिक कार्यक्रम ........ ६०
अनसूची - ६ चालु आर्थिक बर्ष २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रमको सूची ... ६२
अनसूची - ७ प्रतिष्ठानको वेबसाईटमा रहेका सूचनाहरूको विवरण ........ ६६
अनसूची - ८ प्रतिष्ठानबाट तालिम लिएका सेवाकालीन कर्मचारीहरुको सूचि ........ ६९
अनुसूची - ९  प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा संचालन गरिएका कार्यक्रमहरुको राष्ट्रिय स्तरका समाचार संस्थाबाट प्रकाशित समाचारको झलकहरू ........ ७४
अनुसूची - १० कार्यक्रमका फोटोहरु ........ ७६

# परिच्छेद - एक
# प्रदेश प्रशिक्षण प्रतिष्ठानको परिचय

## १.१ पृष्ठ

नेपालको संविधान २०७२ जारी भए पश्चात् नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको नविन चरणमा प्रवेश गरेको छ ।संविधानद्वारा निर्देशित संघ, प्रदेश तथा स्थानीय तह गरी ३ तहको सरकारको संरचनाको व्यवस्थाले गर्दा शासन संचालनका विधिमा समेत आमुल परिवर्तन भएकोछ। संविधानको मर्म अनुसार प्रभावकारी रूपमा कार्य सञ्चालन एवं कार्यान्वयन गर्नका लागि स्थानीय तथा प्रदेश सरकारहरूलाई अर्थपूर्ण रूपमा क्रियाशील र सशक्त वनाउनु पर्ने प्रमुख आवश्यकता रहेको छ। जसका लागि प्रदेश तथा स्थानीय सरकारको क्षमता विकासमा सहयोग गर्दै सुशासन कायम गर्न र नागरिकलाई कुशलतापूर्वक प्रभावकारी सेवा प्रवाह गर्ने कार्यमा सघाउ पुर्‍याउने उद्धेश्यका साथ प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो।

प्रमुखतः प्रदेश र स्थानीय तहका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि एवं कार्यसम्पादनमा सुधार तथा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार गर्ने अभिप्रायले "प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश २०७७" बमोजिम स्थापित एउटा अविच्छिन्न,उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना २०७७ सालमा भएको हो ।यस प्रतिष्ठानको कार्यालय नेपालगंज, बाँकेमा रहेको छ ।

यस प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहहरूको संस्थागत तथा मानव स्रोत विकासका लागि संयोजन, तालिमहरू प्रदान तथा सहजीकरण गर्नुका साथै स्तरीय पाठ्यक्रम र सामग्रीहरू निर्माण गर्ने, प्रमाणमा आधारित विषयगत कार्यगत अनुसन्धान गर्ने र संधियता तथा स्थानीय शासनसंग सबन्धित सवालहरूमा बहस तथा पैरवी गर्ने "उत्कृष्टताको केन्द्र" (Center of Excellence)) को रूपमा यो प्रतिष्ठानले आफ्ना कार्यक्रमहरू संचालन गर्नेछ। यस प्रतिष्ठानका उद्देश्यहरू निम्नानुसार रहेका छन्।

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी जनप्रतिनिधिहरूको लागि व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया एवं विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(ख) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरूको लागि सेवाकालीन, सेवा प्रवेश र व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न तालिमहरू प्रदान गर्ने ।

(ग) प्रशिक्षणलाई बढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि कार्यमुलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धि कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) स्थानीय सरकारको पद्धति विकास/क्षमता विकासमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।

(ङ) प्रदेशको विकास कार्यक्रममा सघाउ पुर्‍याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने ।

## १.२ प्रतिष्ठानको संगठनात्मक संरचना

### १.२.१ प्रशिक्षण परिषद्

यस प्रतिष्ठानको प्रशिक्षण सम्बन्धि कार्यलाई प्रभावकारी संचालन एवं मार्गदर्शन गर्न प्रदेश सरकारका मख्युमन्त्रीको अध्यक्षतामा १० सदस्यीय "प्रशिक्षण परिषद्" गठनको व्यवस्था गरिएको छ। प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई प्रभावकारी रूपमा अगाडि बढाउने कार्यमा यसका नीति, नियम तयार गर्न, योजना तथा कार्यक्रम अनुमोदन तथा दिशानिर्देश गर्ने कार्य प्रदेश प्रशिक्षण परिषद्ले गर्दछ। यस परिषद्को बैठक कम्तिमा वर्षको २ पटक बस्ने गर्दछ। यस परिषद्को संरचना निम्नानुसार रहेको छ।

- मुख्यमन्त्री, प्रदेश सरकार — अध्यक्ष
- प्रमुख सचिव, मु.म. तथा म.प.को कार्यालय — सदस्य
- सचिव, मु.म. तथा म.प.को कार्यालय — सदस्य
- सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य
- सचिव, शिक्षा तथा सामाजिक विकास मन्त्रालय — सदस्य
- मुख्यमन्त्रीद्वारा मनोनित १ महिला सहित २ जना स्थानीय तहका जनप्रतिनिधि — सदस्य
- प्रदेश सरकारले मनोनयन गरेका २ जना विषय विज्ञ — सदस्य
- प्रतिष्ठानका कार्यकारी निर्देशक — सदस्य-सचिव

यस परिषद्का प्रमुख जिम्मेवारीहरू प्रतिष्ठानबाट संचालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धि नीति निर्धारण गर्ने, प्रतिष्ठानको विनियम बनाउने, प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने, प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति समीक्षा/मूल्यांकन एवं बजेट स्वीकृत गर्ने, प्रतिष्ठानको पाठ्यक्रम स्वीकृत गर्ने, कार्यकारी समिति र कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने रहेका छन्।

### १.२.२ कार्यकारी समिति

यस परिषद्को साथै प्रतिष्ठानको उद्देश्य अनुरूप प्रशिक्षण तथा अन्य कार्यहरूलाई सुव्यवस्थित रूपले संचालन गर्न/गराउन प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा ३ सदस्यीय "कार्यकारी समिति" गठनको व्यवस्था गरिएको छ । यस समितिको बैठक आवश्यकता अनुसार (सामान्यतया मासिक रूपमा) बस्ने गरेको छ । यस प्रतिष्ठान आन्तर्गत संचालन हुने प्रशिक्षण लगायत अन्य कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन गर्ने, वार्षिक योजना तथा प्रतिवेदन तयार गर्ने, पाठ्यक्रमहरू निर्माण गर्ने, अनुसन्धान, परामर्श सेवा एवं सूचना सेवा सम्बन्धि कार्यक्रम संचालन गर्ने, अन्य प्रदेश, संघीय र अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरूसंग सम्पर्क गरी प्रशिक्षण सम्बन्धि कार्यलाई स्तरोन्नति तथा विस्तृतिकरण गर्ने, प्रशिक्षणको क्षेत्रमा प्रदेश सरकार, नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाहरूबीच सम्पर्क माध्यमको रूपमा काम गर्ने जस्ता

जिम्मेवारीहरू यस समितिमा रहेको छ।

१) प्रतिष्ठानका कार्यकारी निर्देशक — अध्यक्ष
२) अधिकृत नवौं/दशौं प्रशासन तथा बैठक शाखा, मु.म. तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य
३) अधिकृत नवौं/दशौं, सामाजिक विकास मन्त्रालय — सदस्य

यस कार्यकारी समितिका काम, कर्तव्य तथा अधिकारहरू निम्नानुसार रहेका छन् ।

- प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूका लागि व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया एवं विशेष प्रशिक्षण कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानका कर्मचारीहरूका लागि सेवाकालीन, सेवा प्रवेश र व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने तालिमहरू प्रदान गर्ने ।
- प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा तथा वार्षिक कार्यक्रम र बजेट तयार गर्ने,
- प्रतिष्ठानको पाठ्यक्रम तयार गर्ने,
- प्रतिष्ठानको लागि आवश्यक कर्मचारीको दरबन्दी निर्धारण गरी प्रदेश सरकार समक्ष पेश गर्ने,
- अनुसन्धान, परामर्श सेवा एवं सूचना सेवा सम्बन्धि कार्यक्रम संचालन गर्ने,
- अन्य प्रदेश, संघीय र अन्तर्राष्ट्रिय स्तरका प्रशिक्षण संस्थासंग सम्पर्क गरी प्रशिक्षण सम्बन्धि कार्यलाई स्तरोन्नति तथा विस्तृतिकरण गर्ने,
- प्रशिक्षणको क्षेत्रमा प्रदेश सरकार, नेपाल सरकार र अन्तर्राष्ट्रिय संस्थाहरूबीच सम्पर्क माध्यमको रूपमा काम गर्ने ।

साथै दैनिक कार्य संचालन तथा कार्यक्रम कार्यान्वयनका लागि कार्यकारी निर्देशकको नेतृत्वमा विभिन्न तहका कर्मचारीहरू रहेका छन् ।

## १.३ प्रतिष्ठानका प्रमुख रणनीतिहरू

- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूका लागि क्षमता विकासका गुणस्तरीय कार्यक्रमहरू संचालन गर्दै जाने: यस अन्तर्गत मागमा आधारित तथा आपुर्तिमा आधारित नागरिकलाई प्रभावकारी सेवा प्रदान गर्न, योजना निर्माण तथा कार्यान्वयन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सुशासन तथा जवाफदेहिता, प्रभावकारी कार्य सम्पादनमा सहयोग पुग्ने किसिमका विभिन्न प्रशिक्षण, अभिमूखिकरण, कोचिङ् तथा मेन्टरिङहरू आयोजना तथा संचालन गर्ने । साथै कर्मचारीहरूको लागि सेवा प्रवेश तथा सेवाकालीन प्रशिक्षणहरू पनि संचालन गर्दै जाने विशेषगरी छोटो तथा मध्यम समयावधिका प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने रणनीति लिएको छ।
- आवश्यकतामा आधारित पाठ्यक्रमहरू तथा मोड्यूलहरू तयारी गर्ने: प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहका लागि आवश्यक पाठ्यक्रम तथा मोड्यूलहरू तयारी गर्ने र ती पाठ्यक्रम तथा मोड्यूलहरूलाई अभ्यासमा ल्याई समयानुकुल पुनरावलोकन तथा परिमार्जन गर्दै जाने रणनीति लिएको छ ।

सवालमा आधारित बहस र पैरवीः सुशासन, सामाजिक जवाफदेहिता, प्रभावकारी सेवा प्रवाह, वित्त व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, प्रभावकारी योजना तथा बजेट निर्माणका साथै प्रदेश तथा स्थानीय तहहरूको समग्र संस्थागत प्रणाली सुधार गर्ने जस्ता सवालहरूमा बहस तथा पैरवी गर्ने।

- आवश्यकतामा आधारित परामर्श सेवाहरूः विषयगत दक्षताका आधारमा ,स्थानीय तहहरूलाई आवश्यक मागमा आधारित परामर्श सेवाहरू प्रदान गर्ने। परामर्श सेवाको कार्यहरू समयानुकुल तयारी र प्रदान गर्दै जान सकिने देखिन्छ । त्यसको लागि आवश्यक तयारी गर्दै जाने योजना रहेको छ।
- ज्ञान व्यवस्थापनः सिकाई क्रियाकलापहरूलाई प्रभावकारी बनाउन ज्ञान व्यवस्थापनले सहयोग गर्ने भएकाले यस कार्यलाई कार्यक्रमको अभिन्न पक्षको रूपमा अगाडि बढाउदै जाने रणनीति रहेको छ। सिकाई तथा अनुभवहरूको दस्तावेजीकरण, आदान प्रदान पनि निरन्तर गर्दै जाने नीति रहेको छ। संचालित तालिमबाट सार्वजनिक सेवा प्रवाहमा भएको अनुगमन तथा मुल्याङ्कनगरी प्रशिक्षणहरूलाई थप नतिजामूलक एवम् प्रभावकारी बनाइदै लगिने छ।
- समस्या केन्द्रित नविनतम कार्यक्रम सम्बन्धि अनुसन्धानहरूः प्रदेश तथा स्थानीय तहहरूलाई आवश्यक विषयहरूमा अध्ययन तथा अनुसन्धानहरू गर्ने रणनीति रहेको छ।

## १.4 प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई छ वटा परिच्छेदमा वर्गिकरण गरिएको छ। यसको पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमि तथा परिचयात्मक जानकारीका साथै साधन स्रोत र वित्तीय स्थितिको बारेमा उल्लेख गरिएको छ । दोश्रो परिच्छेदमा क्षमता विकासमा प्रतिष्ठानको भूमिकाको वारेमा उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा प्रतिष्ठानले आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम तथा प्रगति प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा आ.व. २०७७/०७८ मा प्रतिष्ठानले भोगेका चुनौतिहरू र देखेका अवसरहरू उल्लेख गरिएको छ । पाँचौं परिच्छेदमा प्रतिष्ठानबाट संचालन गरिएका कार्यक्रमहरूको प्रभावकारिता झल्काउने मामला अध्ययन वा सहभागीका अनुभवहरू समावेश गरिएको छ भने छैटौं परिच्छेदमा निष्कर्ष र आगामी कार्यदिशाका वारेमा उल्लेख गरिएको छ। यसका साथै यस प्रतिवेदनमा महत्त्वपूर्ण सूचनाहरूको अनुसूचिहरू पनि समावेश गरिएका छन्

## १.5 प्रतिष्ठानलाई उपलब्ध साधन श्रोत

### १.5.१ मानव श्रोत

आ.व. २०७७/०७८ मा प्रतिष्ठानमा कार्यकारी निर्देशक सहित १ जना प्रशासन तथा योजना शाखामा अधिकृत छैठौं १ जना, सूचना प्रविधि अधिकृत (अस्थायी) १ जना, लेखापाल १ जना (आंसिक समयका लागि), कम्प्यूटर अपरेटर (अस्थायी) १ जना रहेको अवस्था थियो भने आ.व. २०७८/०७९ को सुरुवातमा १ जना लेखा अधिकृत र १ जना कम्प्यूटर अपरेटर (स्थायी) रहेको अवस्था छ। साथै ३ जना सहयोगी

कर्मचारीहरू रहेका छन्। यस बाहेक प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि ५ जना प्राविधिक सहयोग कर्मचारीहरू (विज्ञहरू) रहेका छन्। हाल कार्यरत कर्मचारीहरूको विवरण अनुसूचि-३ मा राखीएको छ।

### १.5.२ भौतिक स्रोत साधन

प्रतिष्ठानको लक्ष्य र उद्देश्य अनुरूप प्रभावकारी कार्य सम्पादनको लागि कार्यालय भवन, आवास, फर्निचर तथा कार्यालय सञ्चालन सम्बन्धि उपकरण तथा सामग्रीहरू लगायतका भौतिक साधन र पूर्वाधारहरूको साथै सुरक्षा संयन्त्रहरू समुचित व्यवस्थापन अपरिहार्य हुन्छ। प्रतिष्ठानको हाताभित्र रहेको हालको भौतिक पूर्वाधार तथा स्रोत साधनहरूको विवरण निम्नानुसार रहेको छ।

१) कार्यालय भवनः कार्यालयमा प्रशासनिक भवन १ वटा रहेको छ| उक्त भवन निकै पुरानो भएको र हाल मर्मत सम्भार गरी प्रतिष्ठानको दैनिक काम कारवाही चलिरहेको छ।

२) आवास भवनः कार्यालयमा अवासको (छात्रावास) लागि १४ कोठे १ वटा भवन रहेको छ।

३) सभा हलः प्रतिष्ठानको ४ सय जना अट्ने क्षमता भएको एउटा सभा हल रहेको छ।

४) प्रशिक्षण हलः कार्यालयमा २ वटा प्रशिक्षण हलहरू रहेका छन् । जसमा एकै साथ ३०/३० जना सहभागीहरूलाई प्रशिक्षण संचालन गर्न सकिन्छ ।

५) सवारी साधनः कार्यालयमा १ वटा जिप, ४ वटा मोटरसाइकल रहेका छन्। कार्यालयमा कार्यक्रमको बढ्दो चापलाई मध्यनजर गर्दा थप सवारी साधनहरू खरिद गर्नु पर्ने देखिन्छ।

६) फर्निचरः कार्यालयमा ५७९ वटा कुर्सी, ६० वटा टेबल, १४ वटा दराज, १० वटा सोफासेट र ७ वटा रयाक, ५६ वटा मिटिङ टेबल रहेका छन्।

७) मेशिनरी सामानः कार्यालयमा ११ वटा ल्यापटप, ७ वटा डेस्कटप कम्प्युटर, ७ वटा प्रिन्टर, ८ वटा फोटोकपी मेशिन, ८० वटा सिलिंग पंखा, ९ वटा एयर कन्डीसनर, ३ वटा टेलिफोन, ५ वटा प्रोजेक्टर, ४ वटा टेलिभिजन, २ वटा फ्रीज, आइरन १ पिस रहेको छ।

### १.५.३ प्रतिष्ठानको वित्तीय स्थिति

आ.व. २०७७/०७८ मा यस प्रतिष्ठानमा संघबाट प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि चालु (कार्यक्रम) का लागि रू १६३,७९५,०००.०० र पूँजिगत खर्चका लागि रू ५२,६७५,०००.०० प्राप्त बजेटमा कार्यक्रममा रू ६३,२९७,०६७।०८ (३८.६४%) तथा पुँजिगतमा ४,९१९,५२७.०० (९.३३%) खर्च भएको छ। साथै प्रदेश सरकारबाट चालु खर्चका लागि रू ९,९९९,०००.०० प्राप्त भएको र पुँजिगत तर्फ रू २५,०००,०००.०० (प्राप्त भएको थियो। जसमध्ये चालु बजेटको रू ५,६४७,११५.०० (५६.४७%) र पुँजिगतमा रू १,९९,०२,७६६.४१ (७९.६१%) खर्च भएको छ। बजेट तथा खर्चको विस्तृत विवरण अनुसूचि ४ मा राखीएको छ।

## परिच्छेद - दुई
## क्षमता विकासमा प्रतिष्ठानको भूमिका

### २.१ पृष्ठ

नेपालको संविधान २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौरतरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न प्रदेश तथा स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ। मानवीय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवं परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन। स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्य प्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायि स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । प्रदेश तथा स्थानीय तहका यिनै आवश्यकताहरूलाई सम्बोधन गर्न प्रदेश प्रशिक्षण प्रतिष्ठानको भूमिका सहयोगी तर अत्यन्त महत्त्वपूर्ण रहन्छ।

## २.२ प्रतिष्ठानले क्षमता विकासमा गरेको अभ्यास

यस प्रतिष्ठानको प्रमुख उद्देश्य नै प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूका लागि व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न आवश्यक अभिमुखीकरण, अन्तरक्रिया एवं विशेष प्रशिक्षण कार्यक्रम संचालन गर्ने भन्ने रहेको छ भने त्यसै उद्देश्य अनुरूप स्थापनाको वर्ष देखिनै जनप्रतिनिधीहरू तथा कर्मचारीहरूको लागि आवश्यक क्षमता विकासका कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ। प्रतिष्ठानले नयाँ कर्मचारीहरूका लागि सेवा प्रवेश प्रशिक्षण, निश्चित समय सेवा गरिसकेका कर्मचारीहरूका लागि सेवाकालीन तालिम लगायत विभिन्न छोटो तथा लामो समयका प्रशिक्षणहरू संचालन गरिरहेको छ। तालिमहरूलाई प्रभावकारी बनाउन तथा न्यूनतम मापडण्डहरू पूरा गरी प्रशिक्षण कार्यक्रमहरू संचालन गर्न तालिमका सहभागीहरूको ज्ञाननको स्तर थाहा पाउन पुर्व-परीक्षा र पश्चात् परीक्षा दैनिक तथा तालिम मुल्याङ्कन गर्ने, लक्ष्य निर्धारण गर्न लगाउने जस्ता क्रियाकलापहरू क्षमता विकास क्रियाकलापहरूमा समावेश गरिएका हुन्छन् ।

आवश्यकतामा आधारित र प्रभावकारी प्रशिक्षण संचालनका लागि मोड्यूलहरू तथा पाठ्यक्रमहरू निर्माण गर्ने लगायत विभिन्न सिकाई सामग्रीहरूको निर्माणमा पनि ध्यान दिदै आइरहेको छ। संघीय सरकार (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)ले तयार गरेका मोड्यूलहरूलाई पनि स्थानीयकरण गरी नया पाठ्यक्रम तथा मोड्यूलहरू निर्माणमा पनि जोड दिईएको छ। वर्तमान कोभिडको अवस्था तथा भविष्यमा आउन सक्ने जोखिमपूर्ण अवस्थाहरूलाई मध्यनजर गर्दै भौतिक रूपमा संचालन हुने तालिमका अलावा अनलाइन माध्यमबाट पनि तालिमहरू संचालन गर्न सुरुवात गरिएको छ। भविष्यमा प्रशिक्षण कृयाकलाहरूलाई अझै व्यवस्थित बनाउन विद्युतीय माध्यमको प्रभावकारी प्रयोग, आवश्यकता अनुसारका उपकरणहरूको प्रयोग तथा भौतिक पूर्वाधारहरू तयार गरी निरन्तर रूपमा अगाडि बढ्ने योजना समेत रहेको छ ।

## परिच्छेद – तीन

# आर्थिक वर्ष २०७७/०७८ को वार्षिक कार्यक्रम र कार्यप्रगति

## ३.१ विषय प्रवेश

मूलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपाल सरकारले अघि सारेको "समृद्ध नेपाल, सुखी नेपाली"को  दीर्घकालीन सोच र लक्ष्य पूरा गर्न विकास, समृद्धि र सामाजिक आर्थिक रूपान्तरणमा टेवा पुऱ्याउँदै नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकांक्षा पूरा गर्न प्रादेशिक र स्थानीय तहको दक्षता र क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ।

यस प्रदेश प्रशिक्षण प्रतिष्ठानले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्राप्त प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका यस प्रदेशमा संचालन गर्नु पर्ने धेरैजसो क्रियाकलापहरू र प्रदेश सरकारबाट प्राप्त अनुदानका क्रियाकलापहरू संचालन गरेको थियो। कार्यक्रम ढिला सुरु हुनु, प्रयाप्त मानव स्रोतको अभाव तथा कोभिडको जोखिम तथा निशेधाज्ञाका बावजुद पनि धेरै क्रियाकलापहरू सम्पन्न गर्न सफल भएको छ। यस परिच्छेदमा यस आ.व. मा प्रतिष्ठानद्वारा संचालन गरिएका प्रमुख क्रियाकलापहरूको वारेमा वर्णन गरिएको छ।

## ३.२ प्रतिष्ठानले सञ्चालन गरेका कार्यक्रमहरू

### ३.२.१ सेवाकालीन तालिम

मूलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपाल सरकारले अघि सारेको "समृद्ध नेपाल, सुखी नेपाली"को दीर्घकालीन सोच र लक्षय पूरा गर्न विकास, समृद्धि र सामाजिक आर्थिक रूपान्तरणमा टेवा पुऱ्याउँदै नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकांक्षा पूरा गर्न प्रादेशिक र स्थानीय तहको दक्षता र क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ । कुनै पनि तहका सरकारहरूका सेवा प्रवाहलाई प्रभावकारी र चुस्त वनाउन त्यहां कार्यरत कर्मचारीहरूको दक्षताले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

यसै परिप्रेक्षमा लुम्बिनी प्रदेश तथा यस लुम्बिनी प्रदेशका स्थानीय तहहरूले सरकारको रूपमा जन समक्ष चुस्त र प्रभावकारी सेवा प्रदान गर्दै आफ्नो अधिकार र उत्तरदायित्व निर्वाह गर्नु पर्ने गरी कानुनी तथा संस्थागत व्यवस्था भैसकेको वर्तमान सन्दर्भमा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको क्षमता तथा वृत्ति विकास गराउने ध्येयले  कम्तिमा ३ बर्ष अनुभव भएका संघ, प्रदेश र स्थानीय तहमा कार्यरत निजामती सेवाका रा.प.अन प्रथम र द्धीतिय श्रेणी/ सहायकस्तर चौथो र पाचौं तहका कर्मचारीको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धि गर्न प्रस्तुत ३० कार्य दिने सेवाकालीन प्रशिक्षण सम्पन्न गरिएको छ । यस प्रशिक्षणको उद्देश्य सहायक स्तरका कर्मचारीको कार्यसम्पादनमा सुधार ल्याउनु र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीलाई सक्षम बनाई सेवा प्रवाहमा जवाफदेहिता र उत्तरदायित्वको बोध गराउँनु रहेको

थियो । लुम्बिनी प्रदेश अन्तर्गतका प्रदेश तथा स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरी यो ३५ दिने सेवाकालीन प्रशिक्षण कार्यक्रम प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगंजको तालिम हलमा संचालन गरिएको थियो । यस तालिममा जम्मा ९० सत्रहरू योजना गरी प्रशिक्षण संचालन गरिएका थिए।



यस तालिममा कम्तिमा ३ बर्ष अनुभव भएका संघमा कार्यरत निजामती सेवाका रा. प. अनं. प्रथम र द्धीतिय श्रेणीका कर्मचारी र प्रदेश र स्थानीय तहका चौथो र पाँचौ तहमा कर्मचारीहरूको लागि प्रदेश प्रशिक्षण प्रतिष्ठानले पारित गरेको मापडण्दको आधार तथा समावेशिता तथा जेष्ठताको आधारमा सहभागी छनोट गरिएको थियो। यस सेवाकालीन तालिममा चौध जिल्लाका विभिन्न सैंतिस वटा स्थानीय तह तथा कार्यालयका ६८ जना पुरुष तथा २० जना महिला, जसमा समावेशिताको आधारमा १८ जनजाति, ८ मधेसी, २ मुस्लिम, १ दलित, ५९ बाहुन/क्षेत्री/ठकुरी गरी जम्मा ८८ जनाको सहभागीता रहेको थियो। उक्त प्रशिक्षणहरू प्रतिष्ठानकै तालिम हलमा सञ्चालन भएका थिए।सहभागीहरूको विस्तृत विवरण अनुसुचि ९ मा विस्तृतमा राखीएको छ।

सेवाकालीन तालिमका विषयवस्तुहरू कार्यालय सञ्चालन र व्यवस्थापन, आर्थिक प्रशासन सार्वजनिक सेवा प्रवाह, प्रभावकारी कार्यसम्पादन, सूचना तथा सञ्चार प्रविधि, व्यक्तित्व विकास र कार्यक्षमता, समसामयिक सवालहरू, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र भ्रष्टाचार नियन्त्रण, राष्ट्रिय सतर्कता केन्द्र र सम्पति शुद्धिकरण आयोग, वित्तीय जोखिम, नेपालमा उद्यमसिलता विकास र सम्भावनाहरू, वित्तीय समावेशीकरण, संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध मानव अधिकार, नेपालको संविधान मौलिक हक र नागरिक कर्तव्य ट्रेड युनियन र सामुहिक सौदाबाजी, आरक्षण र सकारात्मक विभेद, सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा, विकाश व्यवस्थापन, कानुनी सवालहरूः स्थानीय तहको न्यायिक अधिकार, न्याय निरूपण प्रक्रिया र सामुदायिक मेलमिलाप, स्थलगत अध्ययन, प्रस्तुतिकरण विषयगत परीक्षा लगायतका विषयवस्तु समावेश गरिएका थिए । यसमा सम्भव भएसम्म वयस्क सिकाई सिद्धान्तमा आधारित भई लघु प्रवचन, अभ्यास, प्रश्नोत्तर र छलफल, अनुभव आदान प्रदान, प्रस्तुतीकरण, मस्तिष्क मन्थन, समूह अभ्यास, खेल, घटना अध्ययन, श्रव्य दृश्यको प्रयोग आदि विधिहरू प्रयोगमा ल्याइएको थियो ।

यस कार्यक्रमका लागि सम्बन्धित विषयवस्तुमा योग्य र अनुभव भएका स्रोत व्यक्ति परिचालन गरिएको थियो | तालिम कार्यक्रमको लागि आवश्यक पर्ने अन्य श्रोतव्यक्ति/सहजकर्तामा प्रदेश प्रशिक्षण प्रतिष्ठान

लगायत संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय / प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रोष्टरबाट पनि लिइएको थियो | सरकारी श्रोत व्यक्ति/सहजकर्ताको हकमा सहभागी भन्दा कम्तिमा दुई तह माथिको विषय विज्ञहरू समावेश गरिएको थियो।

यस तालिममा विषयगत सिकाई परिक्षा ५०, स्थलगत सामुहिक प्रतिवेदन प्रस्तुतीकरण ३०, व्यक्तिगत प्रतिवेदन तयारी र प्रस्तुतीकरण १०, दैनिक हाजिरी, सक्रिय सहभागीता, आचार संहिताको पालना १० अङ्कभार गरी जम्मा १०० पूर्णाङ्कमा सहभागीको मूल्याङ्कन गरिएको थियो। स्थलगत सामुहिक प्रतिवेदन तयार पार्नका लागि चार समूहमा सहभागीहरूलाई बाँडेर सहजकर्ता पनि तोकिएको थियो। प्रशिक्षणका बेलामा प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री मोती प्रसाद शर्माले प्रदेश प्रशिक्षण प्रतिष्ठानका सिमित स्रोत साधनले सकेसम्म राम्रो गरेको तथा आगामी दिनमा सहभागीको सुझाव र आवश्यकतालाई नजर गरि पाठ्यक्रम तथा सेवा-सुविधामा परिमार्जन गरिने पनि जानकारि गराउनु भयो।

### ३.२.२ सेवा प्रवेश तालिम

लुम्बिनी प्रदेश तथा स्थानीय तहहरूले सरकारको रूपमा जनसमक्ष चुस्त र प्रभावकारी सेवा प्रदान गर्दै आफ्नो अधिकार र उत्तरदायित्व निर्वाह वहन गर्नु पर्ने गरी कानुनी तथा संस्थागत व्यवस्था भैसकेको वर्तमान सन्दर्भमा यी तहहरूका कर्मचारीहरूको क्षमता तथा वृद्धि विकास गराउने ध्येयले यस प्रदेश प्रशिक्षण प्रतिष्ठानको वार्षिक कार्यक्रम अनुसार चौथो/पाँचौ तहका नव नियुक्त कर्मचारीहरूको ज्ञान, सीप र क्षमताको विकास गर्ने मुख्य उद्देश्यका साथ भर्चुअल (जुम) विधिबाट ५ दिने सेवा प्रवेश सम्बन्धि २ वटा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिएको थियो। नयाँ भेरियण्ट सहितको कोभिड १९ को संक्रमणले देशमा विकराल रूप लिइरहेको र विभिन्न जिल्लाहरूमा निषेधाज्ञा लागु भएकोले उक्त कार्यक्रमलाई भौतिक रूपमा उपस्थित भई सञ्चालन गर्न सकिने अवस्था नरहेकोले भर्चुअल तालिमबाट सम्पन्न गरिएको थियो।




सेवा प्रवेश तालिम कार्यक्रमको उद्देश्य सहायक स्तरका कर्मचारीहरूको कार्यसम्पादनमा सुधार ल्याउनु रहेको थियो। सेवा प्रवेश प्रशिक्षण कार्यक्रमको अवधि ५ दिनको थियो, जसमा २० वटा सत्रहरू रहेका थिए। यस सेवा प्रवेश तालिममा ६५ जना पुरुष तथा २२ जना महिला कर्मचारीहरू जसमा समावेशिताको आधारमा जनजाती २९,

मधेसी ८, बाहुन/क्षेत्री/ठकुरी ४५ तथा दलित ४ जना गरी जम्मा ८७ जनाको सहभागीता रहेको थियो। यस तालिमका विषयवस्तुहरू कार्यालय संचालन तथा क्षमता विकास, स्थानीयतह सञ्चालन र व्यवस्थापन, सेवा प्रवाह, सुशासन र सामाजिक जवाफदेहिता, स्थानीयतहका योजना विचको अन्तरसम्वन्ध लगायत रहेका थिए । यस तालिममा सम्भव भएसम्म वयस्क सिकाई सिद्धान्तमा आधारित पावर प्वाइन्टबाट लघु प्रवचन, पराप्रश्त्तर र छलफल, अनुभव आदनप्रदान, प्रस्तुतीकरण, मामला अध्ययन, श्रव्य दृष्य सामाग्री प्रयोग आदि विधिहरू प्रयोगमा ल्याइएको थियो ।सहभागीहरूका लागि १६ जि. बि.को पेनड्राइभमा अध्ययन सामग्रीहरू तथा प्रमाण पत्रको व्यवस्था स्थानीय तहमा पुगेर प्रदान गरिएको थियो।

यस कार्यक्रमका लागि सम्बन्धित विषयवस्तुमा योग्य र अनुभव भएका स्रोत व्यक्ति परिचालन गरिएको थियो । तालिम कार्यक्रमको लागि आवश्यक पर्ने अन्य श्रोतव्यक्ति/सहजकर्तामा प्रदेश प्रशिक्षण प्रतिष्ठान लगायत संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको विज्ञ रोष्टरबाट पनि लिइएको थियो।




सरकारी सेवामा नव प्रवेशीका रूपमा कार्यरत सहायकस्तर कर्मचारीहरूको क्षमता अभिवृद्धिले कार्यसम्पादनमा सुधार ल्याई स्थानीय तहले प्रवाह गर्ने सेवाहरूमा सकारात्मक परिवर्तन आउने विश्वासका साथ तालिमको आयोजना गरिएको प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक मोती प्रसाद शर्माले बताउनु भएको थियो।प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री मोती प्रसाद शर्माले प्रदेश प्रशिक्षण प्रतिष्ठानका सिमित स्रोत साधनले सकेसम्म राम्रो गरेको तथा आगामी दिनमा सहभागीको सुझाव र आवश्यकतालाई नजर गरी पाठ्यक्रम तथा सेवा-सुविधामा परिमार्जन गरिने पनि जानकारी गराउनु भयो।उहाँले नागरिकको सबै प्रकारका समस्या सम्बोधनको पहिलो संयन्त्र स्थानीय सरकार हुने र नागरिकलाई दिने सेवा प्रभावले पूरै राज्य संयन्त्रले जस वा अपजसको भागीदार हुनुपर्ने हुनाले स्थानीय तहका कर्मचारी सजग हुनुपर्ने बताउनु भएको थियो।

दुबै तालिममा सहभागीहरूबाट तालिमको गुणस्तरको पनि मूल्यांकन गरिएको थियो जसको लागि सहभागीहरूको अभिमत (poll) मार्फत ५ वटा स्तरीय प्रश्नहरूको प्रयोग गरिएको थियो। सो मूल्यांकन आधारमा बिभिन्न कठिनाइका बाबजुत पनि अधिकांश सहभागीको प्रतिकृया उत्साहजनक रहेको भन्ने थियो।प्रतिकूल वातावरणमा पनि सहभागी एवं प्रशिक्षकबाट सहयोगी भूमिकाको कार्यकारी निर्देशक श्री मोती प्रसाद शर्माले मुक्त कण्ठले प्रशंशा गर्दै आगामी दिनमा आवासिय तालिम संचालन गर्ने योजना भएको र यसले छिट्टै मूर्त रूप लिनेमा विश्वास व्यक्त गर्नु भएको थियो।

### ३.२.३ स्थानीय तहको क्षमता विकास सम्बन्धि अन्य प्रशिक्षण कार्यक्रम तथा कार्यशालाहरू

**३.२.३.१ दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण:** नेपालको संविधानबाट प्राप्त अधिकारको प्रयोग स्वरूप नागरिकहरूलाई सहज र सुलभ तरिकाले सेवा प्रदान गर्नका लागि दिगो विकास लक्ष्यहरूले “कसैलाई पनि पछि पारिने छैन” भन्ने मूल भावनालाई आत्मसात् गरेको छ । दिगो विकास लक्ष्यहरूलाई प्रादेशिक तथा स्थानीय तहहरूमा आन्तरिकीकरण गर्न र प्रगति अनुगमन गर्न सकेमा मात्र स्थानीय स्तरमै अधिकार सम्पन्न पारिएका सरकारहरूको संघीयतामा महत्व झल्किने हुदाँ स्थानीय तहहरूले जति दृढता र इमान्दारिताका साथ विशेषगरी दिगो विकास लक्ष्यहरूसँग सम्बन्धित आधारभूत आवश्यकताहरू अनुकुल सेवा सुविधाहरू उपलब्ध गराउँछन् । त्यतिनै बढी यसले नेपालमा संघीयताको सफलताको मात्रा निर्धारण गर्नेछ। अतः गरिबीको अन्त्य, पृथ्वीको संरक्षण एवं सबैका लागि समृद्धि सुनिश्चित गर्ने लक्ष्य सहित मानिसको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न स्थानीय तहका पदाधिकारी एवं सम्बन्धित कर्मचारीहरूलाई दिगो विकासका लक्ष्यको स्थानीयकरण गर्ने सम्बन्धि तालिम लुम्विनी प्रदेशका ४ वटा स्थानीय तहहरूमा संचालन गरिएको थियो।

२ दिने तालिममा बारबर्दिया नगरपालिका, मधुवन नगरपालिका, गेरुवा गाउँपालिका र ओमसतिया गाउँपालिमाका जनप्रतिनिघिहरू (कार्यपालिका सदस्यहरू) र कर्मचारीहरू सहभागी भएका थिए। यस तालिममा ४ वटा स्थानीय तहहरूबाट जम्मा १२१ जना सहभागी रहेका थिए ।जसमा २३ प्रतिशत महिला र ७६ प्रतिशत पुरुष रहेका थिए । सथै ३१ प्रतिशत जनजाति र १० प्रतिशत दलित सहभागीहरू रहेका थिए।



यस तालिममा सहभागीहरूले दिगो विकासका लक्ष्यहरूको वारेमा जानकारी पाउनुका साथै ती लक्ष्यहरूलाई स्थानीयकरण गर्ने तरिकाहरूमा ज्ञान तथा सीप प्राप्त गरेका थिए। विशेष गरी स्थानीय तहले तयार गर्नुपर्ने योजनाहरूको प्रक्रिया वारेमा जानकारी तथा ती योजनाका प्रक्रियाहरूलाई कसरी सहभागीतामूलक तथा समावेशी बनाउने तथा दिगो विकासका लक्ष्यहरूसँग कसरी तादम्यता मिलाउने भन्ने कुरामा केन्द्रित गरी तालिम संचालन गरिएको थियो।

यी तालिमहरू संचालनमा प्रमुख प्रशिक्षकको रूपमा श्री सूर्य प्रसाद न्यौपाने हुनुहुन्थ्यो भने प्रतिष्ठानका कार्यकारी निर्देशक श्री मोती प्रसाद शर्मा, क्षमता विकास विज्ञ श्री गोपाल गैरे र सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूले (केहीमा) प्रशिक्षकको रूपमा कार्य गर्नु भएको थियो। २ दिवसीय तालिम भएता पनि अपेक्षा संकलन, पूर्व तथा पश्चात परीक्षा र दैनिक तथा समग्र तालिम मूल्याङ्कन पनि गरिएको थियो।

### ३.२.३.२ जनप्रतिनिधिहरूलाई लैङ्गिक समानता, सामाजिक समावेशिकरण तथा नेतृत्व विकास तालिम:

राजनीतिमा महिलाको अनिवार्य सहभागीताको नीतिगत व्यवस्था हुनु र स्थानीय तह, प्रदेशसभा र संघीय संसदमा कम्तिमा ३३ प्रतिशतको प्रतिनिधित्व हुनु नेपालले हासिल गरेको महत्त्वपूर्ण उपलब्धि हो । प्रगतिको यो अवस्थामा आइपुग्नुको प्रमुख कारण संविधान, ऐन तथा विभिन्न नीतिमा गरिएको महिला सहभागीताको सुनिश्चितता नै हो। पन्ध्रौं राष्ट्रिय योजना, सरकारका नीति तथा कार्यक्रम, बजेट, निर्वाचन प्रणाली आदिलाई लैङ्गिक उत्तरदायि तथा सामाजिक समावेशी बनाइएका छन् । उपरोक्त उपलब्धिहरू हुँदाहुँदै पनि राज्यका कार्यकारी निर्णय प्रक्रियामा महिला तथा वन्चितिकरणमा परेका समुदायहरूको उपस्थिति कमजोर छ । स्थानीय सरकारमा पनि कार्यकारी भूमिकामा महिलाको उपस्थिति तथा महिलाहरू प्रमुख पदमा नगण्य मात्र प्रतिनिधित्व गराइएका छन् । तसर्थ आउने दिनमा लैङ्गिक समानता र समाजिक समावेशीको अन्तराल हटाउन अझै प्रभावकारी, प्रस्ट र सशक्त नीतिगत र व्यावहारिक योजनाले मूर्त रूप नलिदासम्म हामीले सोचेको पूर्ण लैङ्गिक समानता र समाजिक समावेशीको लक्ष्य प्राप्त हुन सक्दैन। यसै सन्दर्भमा प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत स्थानीय तहका कार्यपालिका र परिषद्का निर्वाचित तथा मनोनित गरिएका सबै महिला, दलित/जनजाति तथा सिमान्तकृत सदस्यहरूका लागि लै.स.सा.स सम्बन्धि सीप र क्षमता अभिवृद्धि गर्नका लागि ४ वटा स्थानीय तहमा लै.स.सा.स तथा नेतृत्व सीप विकास सम्बन्धि २ दिने तालिम संचालन गरिएको थियो। बर्दिया जिल्लाका गुलरिया नगरपालिका, मधुवन नगरपालिका, बढैयाताल गाउँपालिका र रूपन्देही जिल्लाको कन्चन गाउँपालिकाका १२७ जना जनप्रतिनिधिहरू सहभागी थिए, जसमध्ये ६१% महिला, ३९% पुरुष रहेका थिए। जम्मा सहभागी मध्ये ३९% दलित, ३५% जनजाति, ४% मधेसी, ५% मुस्लिम र २५% बाहुन/क्षेत्री रहेका थिए।

### ३.२.३.3 सूचना प्रविधि अधिकृतहरूको लागि क्षमता विकास सम्बन्धि परामर्श तथा क्षमता विकास कार्यशाला:



सूचना प्रविधि अन्य विषयहरूसँग अन्तर सम्बन्धित विषय भएकाले यसको प्रभावकारी प्रयोगले स्थानीय सरकारका हरेक कार्य संचालनमा पर्दछ। नेपाल सरकारले अघि सारेको बिद्युतीय सुशासन सम्बन्धि लक्ष्य प्राप्त गर्न सूचना प्रविधि अधिकृतहरूको भूमिका महत्त्वपूर्ण रहन्छ। यस आ. व. मा लुम्बिनी प्रदेशका १०९ स्थानीय तहहरूमा



कार्यरत सूचना प्रविधि अधिकृतहरूलाई २ पटक सम्म परामर्श गोष्ठि संचालन गरिएको थियो। पहिलो पटक २०७७ माघ महिनामा ३ सहभागीहरूलाई ३ समूहमा विभाजन गरी भौतिक रूपमा ३ वटै कार्यशाला संचालन गरिएको थियो भने २०७८ अषाढ महिनामा २ दिने २ वटा कार्यशाला भर्चुअल माध्यमबाट संचालन गरिएको थियो। १०९ स्थानीय तहमध्ये १०५ स्थानीय तहहरूबाट सूचना प्रविधि अधिकृतहरू सहभागी रहेका थिए। प्रथम कार्यशालामा सूचना प्रविधि अधिकृतहरूलाई प्रदेश प्रशिक्षण प्रतिष्ठानको परिचय, संघीयता स्थानीय तहको भूमिका, तिन तहका सरकार विचको अन्तरसम्वन्ध, सूचना प्रविधिका चुनौतिहरू, प्राविधिक सत्रहरू (Introduction to PHP, Dynamic Website using PHP, Website Designing, Developing Interactive Social map with SVG sing Google/Js Chart for data visualization) मा छलफल तथा अभ्यास गर्नुका साथै सूचना प्रविधि अधिकृतहरूलाई थप आवश्यक क्षमता विकासका विषयवस्तुहरूको पहिचान समेत गरिएको थियो।

साथै २०७८ असार संचालन गरिएका भर्चुअन तालिम कार्यशालामा पनि बिद्युतीय सुशासन प्रणाली सम्बन्धि बिभिन्न विषयमा ज्ञान तथा सीप प्रदान गरिएको थियो।

### ३.२.३.4 सार्वजनीक खरिद प्रक्रिया तथा खरिद प्रशासन:

नेपालको संविधानबाट प्राप्त अधिकारको प्रयोग स्वरूप जनतालाई सहज र सुलभ तरिकाबाट सेवा प्रदान गर्नका लागि स्थानीय सरकारको रूपमा आफै राजस्व उठाउँने र खर्च गर्ने, लेखा परीक्षण गराई नागरिकहरू समक्ष त्यसको दुरुस्त हिसाब देखाउनु पर्ने गरी अधिकार र उत्तरदायित्व निर्वाह वहन गर्नु पर्ने गरी कानुनी तथा संस्थागत व्यवस्था



भैसकेको वर्तमान सन्दर्भमा यी निकायहरूलाई वित्तीय साधनको व्यवस्थापनका साथै सार्वजनिक खरिद प्रक्रिया ठिक ढंगले गर्ने क्षमता वृद्धि गराउने ध्येयले स्थानीय तहका सम्बन्धित कर्मचारीहरूको लागि सार्वजनिक खरिद सम्बन्धि तालिम संचालन गर्नु आवश्यक देखिएकाले स्थानीय तहका सम्बन्धित कर्मचारीहरूको लागि सार्वजनिक खरिद प्रक्रिया सम्बन्धि ३ दिने ४ वटा प्रशिक्षण कार्यक्रम भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो। जसमा लुम्बिनी प्रदेशका तराईमा पर्ने ६ वटा जिल्लाका स्थानीय तहहरूबाट सम्बन्धित कर्मचारीहरू (लेखा शाखा, जिन्सि शाखा र प्रशासन शाखा, प्राविधिक शाखाबाट) सहभागी भएका थिए। ६ देखि १८ जुन २०२१ सम्म संचालन भएका तलिमहरूमा जम्मा १५५ जना स्थानीय तहका कर्मचारीहरू सहभागी भएका थिए।

स्थानीय तहको खरिद व्यवस्थापन चुस्त तथा प्रभावकारी बनाउनका लागि स्थानीय तहका सम्बन्धित कर्मचारीहरूलाई यस सम्बन्धि व्यावहारिक ज्ञान, सीप र क्षमता विकासमा सहयोग गर्नु यस तालिमको मुख्य उद्देश्य रहेको थियो। जसमा सार्वजनिक खरिद र यसको कानुनी व्यवस्था, सार्वजनिक खरिदको विधि र खरिद सम्बन्धि अन्य व्यवस्था, सार्वजनिक खरिदको लागि लागत अनुमान तयारी र स्वीकृति, बोलपत्रबाट खरिद सम्बन्धि व्यवस्था, परामर्श सेवा खरिद सम्बन्धि व्यवस्था, उपभोक्ता समिति र गैरसरकारी संस्था परिचालन तथा सेवा करार सम्बन्धि व्यवस्थापन, खरिद सम्झौता, विवाद व्यवस्थापन र खरिद कार्यको पुनरावलोकन, सार्वजनिक खरिदमा सुशासन (पारदर्शिता र आचरण) तथा खरिद कार्यको अनुगमन जस्ता विषयहरूमा प्रस्तुतिकरण तथा छलफल गरिएको थियो।

### ३.२.३.५ मध्यमकालीन खर्च संरचना सम्बन्धि २ दिने तालिम कार्यक्रम (भर्चुअल):




अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मा मध्यमकालीन खर्च संरचनालाई व्यवस्थित तथा नतिजामुखी बनाउन कानुनी रूपमा नै यसको व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ३ को ६ नं. दफामा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने कानुनी व्यवस्था यस ऐनले गरेको छ । उक्त दफामा भएका अन्य कानुनी व्यवस्थाहरू यस्ता रहेका छन् । ६(१) मा योजना आयोगले आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका तयार पार्नुपर्ने छ । त्यसैगरी ६(२) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी

तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी योजना आयोग र अर्थमन्त्रालयमा पठाउनु पर्नेछ भनी व्यवस्था गरेको छ । ६(३) मा भने उपदफा १ मा भनिए बमोजिम योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाइ लागत, आयोजना वा कार्यक्रम सन्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुनसक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकरण गर्नुपर्नेछ भनि स्पष्ट पारेको छ । प्रचलित कानुनले अनिवार्य गरेको माध्यमकालीन खर्च संरचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको माध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ स्वीकृत गरी सार्वजनिक गरेको छ।

यसै सन्दर्भ अन्तर्गत लुम्बिनी प्रदेशका १०९ स्थानीय तहलाई दुई समूहमा विभाजन गरी मध्यमकालीन खर्च संरचना २ दिने भर्चुअल कार्यक्रम २०७८ असाढ ८ र ९ गते संचालन गरिएको थियो । कोरोना महामारीको कारणले कार्यक्रम भौतिक रूपमा गर्न नसकिएकाले अन्तिम अवस्थामा जूमको माध्यमबाट तालिम संचालन गरिएको थियो । यस तालिममा जम्मा २१४ जना (१९० पुरुष र २४ जना महिला) स्थानीय तहका कर्मचारीहरू सहभागी रहेका थिए। २ दिनसम्म संचालन भएको यस तालिमले मुख्यतया मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८ लाई परिचित गराउँनु र तयार गर्न प्रोत्साहित गर्नु रहेको थियो।

### ३.२.३.६ स्थानीय तहका राजश्व परामर्श समितिलाई एक दिने अभिमुखिकरण तालिम कार्यक्रम:

जुनसुकै संस्था वा निकायका लागि आफ्नो कार्य सन्चालन (आय व्यय व्यवस्थापन) गर्न राजस्व उपार्जन र संकलन अत्यावश्यक हुन्छ । सरकारको सन्दर्भमा आफ्नो खर्च, कार्य सन्चालन तथा सेवा प्रवाहका लागि कर र गैरकर स्रोत मार्फत् राजस्वका रूपमा सरकारले आफ्नो खर्च जुटाउँछ । यसै अनुरूप सरकारले राजस्वको संकलन र वृद्धि कसरी गर्ने भन्ने सम्बन्धमा निश्चित योजना तर्जुमा तथा कार्यान्वयन गर्दछ ।

नेपालको संविधान २०७२ अनुसार संघीय प्रणालीको व्यवस्था बमोजिम नेपालमा तीन तहको सरकार (संघीय, प्रदेश र स्थानीय सरकार) बनेको छ र सोही बमोजिम काम, कर्तव्य र अधिकारको बाँडफाँड भएको छ । संविधानको अनुसूचि ५ देखि ९ सम्म यसको व्यवस्था गरिएको छ । यसै अनुरूप अनुसूचि ८ ले स्थानीय सरकारका क्षेत्राधिकारका साथमा राजस्व संकलनका क्षेत्र र अधिकारहरूसमेत तय गरेको छ ।

प्रस्तुत संविधान र संघीयताको मूल्यमान्यता अनुसार आफ्ना काम कर्तव्य र अधिकारको प्रभावकारी रूपमा वहन गर्न स्थानीय सरकारहरू आफै पनि विशेष गरी आर्थिक रूपमा सक्षम हुनु आवश्यक छ । तथापि हाम्रो जस्तो कम विकसित देशमा राजस्वको क्षेत्र साँघुरो रहेको र अनौपचारिक क्षेत्र ज्यादा भएको कारण



स्थानीय सरकारको आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । स्थानीय सरकारहरू अधिकतम रूपमा संघीय अनुदान र सहयोगमा बढी आश्रित रहेको अवस्था छ । यस्तै संविधान प्रदत्त क्षेत्राधिकारभित्र समेत आफ्ना राजस्व उठाउने तथा व्यवस्थापन गर्ने, विशेष गरी राजस्व क्षेत्रको पहिचान, दायरा वृद्धि, सूचना तथा तथ्याङ्कको व्यवस्था र राजस्व प्रशासनको प्रभावकारी सन्चालन तथा नियमन गर्ने, आदि पक्षमा स्थानीय सरकारहरूको क्षमता कमजोर रहेको पाइन्छ । यसमा दक्ष जनशक्तिको अभाव तथा सम्बन्धित सेवा केन्द्र र संयन्त्रको अभाव समेत जोडिएको छ। यसले स्थानीय सेवा प्रवाह, विकास कार्य, शासन सन्चालन तथा आत्मनिर्भरतामा समस्या र कठिनाई उत्पन्न गरेको पाइन्छ ।

यी पक्षहरूलाई ध्यानमा राखी प्रदेश प्रशिक्षण प्रतिष्ठानले स्थानीय सरकारहरूको आफ्ना राजस्व वृद्धि तथा व्यवस्थापनको क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै राजस्व कार्यान्वयन कार्ययोजनाको तर्जुमाको प्रभावकारी कार्यान्वयनका लागि क्षमता अभिवृद्धि गर्ने कार्यमा स्थानीय सरकारहरूलाई सहयोग गर्दै आइरहेको छ । यसै क्रममा प्रदेश प्रशिक्षण प्रतिष्ठानको वार्षिक कार्ययोजना अनुसार सम्बन्धित स्थानीय तहहरूलाई राजस्व सुधार सम्बन्धि अभिमुखिकरण कार्यक्रम आयोजना गरेको थियो । यो क्रियाकलापले १०९ वटै स्थानीय तहहरूलाई समेट्ने योजना रहेता पनि कोभिडको जोखिमका कारण जम्मा १६ वटा स्थानीय तहहरूमा रहेका राजस्व परामर्श समितिका सदस्य लगायत सम्बन्धित अधिकारीहरूको क्षमता अभिवृद्धि गर्न उद्देश्यले १ दिने अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो ।

यो अभिमुखिकरणमा सम्बन्धित समितिका सदस्यहरू लगायत अन्य सम्बन्धित सदस्य तथा कर्मचारीलाई राजस्व सङ्कलन, प्रक्षेपण, राजस्व परामर्श समितिको काम, कर्तव्य, राजस्व कार्यान्वयन कार्ययोजना तर्जुमा तथा कार्यान्वयनका सम्बन्धमा आवश्यक अभिमुखिकरण गराउने उद्देश्य रहेको थियो।

तीन वटा छुट्टाछुट्टै एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको थियो । बाँके र बर्दियाका १६ स्थानीय तहका सम्बन्धित ८५ जना पदाधिकारीहरूको उपस्थितिमा जसमा ६० जना पुरूष र २५ जना महिलाहरुको सहभागीतामा कार्यक्रम सम्पन्न भएको थियो। समावेशिताको आधारमा २० जना जनजाति, ९ जना दलित, ५२ जना बाहुन/क्षेत्री, १ जना मुस्लिम र ३ जना मधेशी समुदायको सहभागीता




रहेको थियो। कर र शुल्क सम्बन्धि अवधारणा, राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार, राजस्व सुधार योजना र मार्गदर्शन समापनका साथै स्थानीय तहको राजस्व अधिकारको बारेमा छलफल तथा अभ्यास गरिएको थियो । अभ्यासमा सहभागी पालिकाको अवस्था विश्लेषण समेत गरिएको थियो।



प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि विभिन्न प्रकारका मूल्यांकनका औजारहरूको प्रयोग गर्ने प्रयास गरिएको थियो ।

स्थानीय सरकारहरूको आफ्ना राजस्व वृद्धि तथा व्यवस्थापनको क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै राजस्व कार्यान्वयन कार्ययोजनाको तर्जुमाको प्रभावकारी कार्यान्वयनका लागि क्षमता अभिवृद्धि गर्ने यस अभिमुखीखकरण कार्यक्रमलाई सहभागीहरूले निकै उत्साहका रूपमा हेरको पाईयो। यस किसिममा अभिमुखिकरणले स्थानीय तहको राजस्वमा सुधार ल्याउने र सेवाग्राहिमा प्रभावकारी ढङ्गबाट सेवा प्रवाह गर्न सकिने सहभागीको विश्वास छ। आगामी दिनमा प्रविधिको प्रयोगलाई थप प्रभावकारी बनाउँदै अगाडि बढ्दा र यस प्रशिक्षणमा आएका सुझावहरूलाई समेत आत्मसाथ गर्दा प्रशिक्षण थप प्रभावकारी हुने निश्चित छ ।

### ३.२.४ स्थानीय तहको आवधिक योजना निर्माण



स्थानीय सरकार संचालन ऐनले स्थानीय तहहरू (गाउँपालिका र नगरपालिकाहरू) लाई आफ्नो अधिकार क्षेत्रभित्रको स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक, विषयगत, मध्यकालीन र दीर्घकालीन योजना बनाएर लागु गर्ने व्यवस्था गरेको छ। सोही ऐनले स्थानीय तहहरूले आफ्ना ऐन नियमावलीहरू बनाउँदा संवैधानिक प्रावधान अनुरूप हुनु पर्ने तथा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा

र प्रक्रियासँग अनुकूल हुनु पर्नेमा ध्यान आकृष्ट गरेको छ। साथै आवधिक योजना तयार गर्दा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ (नमूना) लाई आधार मान्नुपर्ने प्रावधानलाई समेत ध्यान दिएर अगाडि बढाइएको थियो।

यस आर्थिक वर्ष २०७७/०७८ मा लुम्बिनी प्रदेश भित्रका १४ वटा स्थानीय तहहरूको आवधिक योजना तयार गर्न सहयोग गर्ने उद्देश्य लिएको थियो तर जम्मा १२ वटा स्थानीय तहको मात्र आवधिक योजना तयार गर्न सकिएको थियो । यो कार्यक्रम संचालन गर्नका लागि स्थानीय तहहरू छनौट गर्न बिभिन्न आधारहरू तयार गरिएका थिए र तिनै आधारहरूलाई ध्यान दिएर यस लुम्बिनी प्रदेशका १४ वटा स्थानीय तहहरू छनौट गरिएको थियो । यसरी स्थानीय तहहरू छनौट गरिसकेपछि प्रदेश प्रशिक्षण प्रतिष्ठान र सम्बन्धित स्थानीय तहसँग समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो ।

यस क्रियाकलापको प्राविधिक सहयोग प्रदान गर्न प्रतिस्पर्धात्मक सार्वजनिक खरिद प्रक्रियाबाट परामर्शदाता संस्थाहरू छनोट गरिएको थियो र त्यसको खर्च प्रतिष्ठानको कार्यक्रमबाट बेहोर्ने गरी सम्झौता गरिएको थियो भने स्थानीय रूपमा आयोजना गरिने बैठक तथा कार्यशाला संचालनको लजिस्टिक खर्च सम्बन्धित स्थानीय तहले गरेका थिए।

आवधिक योजना तयार गर्ने क्रममा छनौट भएका पालिकाका प्रमुख/उप प्रमुख, अध्यक्ष/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरू र छनौट भएका परामर्शदाता फर्म/कन्सल्टेन्सीका प्रतिनिधिहरूको लागि प्रदेश योजना आयोगसँगको समन्वयमा बुटवलमा २०७८ साल बैशाख ८/९ गते २ दिने कार्यशाला गोष्ठी संचालन गरिएको थियो । जसमा ५६ जना सहभागीहरूले भाग लिनु भएको थियो । यस कार्यशालाले परामर्शदाताहरू र स्थानीय तहहरूलाई आवधिक योजना सम्बन्धि अवधारणा, प्रक्रिया तथा चरणहरू, गुणस्तरको सुनिश्चितता बारेमा स्पष्ट पारिएको थियो । साथै तयार हुने आवधिक योजनाको गुणस्तर र एकरूपता हुने अपेक्षा पनि गरिएको थियो।

परामर्शदाता टोलीबाट प्राप्त दस्ताबेजहरूको अध्ययन (पाश्र्वचित्र, ऐन, नियम, दिग्दर्शन, योजना, आदि जस्तैः राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण- २०७५, मन्त्रालय र विभागहरूले प्रकाशन गरेका प्रतिवेदनहरू, राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग र नगरपालिका/गाउँपालिकाले तोकेका अन्य लिखतहरू अध्ययन, कार्यपालिका सदस्यहरू र प्रमुख प्रशासकीय अधिकृतहरूसँग तयारी (निर्देशक समिति र विषयगत समितिहरू गठन तथा व्यवस्थापकीय तयारी) बैठक राखिएको थियो । परामर्शदाताहरूले सम्बन्धित स्थानीय तहमा गठन भएका निर्देशक समितिको प्रत्यक्ष तथा नियमित रेखदेख तथा सरसल्लाहमा कार्य गरेका थिए । परामर्शदाता संस्थाले सम्बन्धित पालिकामा आवधिक योजना तर्जुमा

सम्बन्धि अभिमुखीकरण गोष्ठि संचालन, आवश्यक तथ्याङ्क र सूचना संकलन तथा विश्लेषण, वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरू सञ्चालन गरी सूचना संकलन गरेका थिए । साथै वडा स्तरमा समस्या तथा चुनौती र अवसरहरू पहिचान गर्ने, मुख्य-मुख्य मुद्दा र योजना तथा कार्यक्रमहरू पहिचान गर्ने लगायतका कार्यहरू गरिएका थिए । आवधिक योजना बनाउने क्रममा पालिकास्तरमा आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी संचालन गरी सो गोष्ठीबाट प्राप्त सूचना तथा सहभागीतामूलक छलफल तथा कार्यका माध्यमबाट आवधिक योजनाको प्रथम मस्यौदा पेश गरी सुझाव तथा सल्लाह प्राप्त गरेका थिए ।




यसरी बिभिन्न चरणहरू पार गरेर छनौट भएका फर्म/कन्सल्टेन्सीका प्रतिनिधिहरू आ-आफ्नो तोकिएको स्थानीय तहको आवधिक योजना तयार गर्ने कार्य सम्पन्न भएको छ । हाल यस लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटा स्थानीय तहहरू क्रमसः गुल्मीको मदाने गा.पा., पाल्पाको निस्दी गा.पा., नवलपरासी सुस्ता पश्चिमको प्रतापपुर गा.पा., रूपन्देहीको बुटवल उप-महानगरपालिका, कपिलवस्तुको बुद्धभुमी नगरपालिका, अर्घाखाँचीको पाणिनी गा.पा., प्यूठानको माण्डवी गा.पा., रुकुम पूर्वको भूमे गा.पा., दाङको लमही न.पा., बाँकेको जानकी गा.पा., र बर्दिया जिल्लाको बढैयाताल गा.पा. र गेरुवा गा.पा. को आवधिक योजना तयार भई कार्यान्वयनको चरणमा पुगेका छन्, जुन एउटा ठुलो उपलब्धि मान्न सकिन्छ ।

### ३.२.५ स्थानीय तहको क्षमता विकास योजना निर्माण

नागरिकहरूका लागि मितव्ययी तथा गुणात्मक सेवा प्रदान गर्न तथा प्रभावकारी कार्य सम्पादनका लागि हरेक स्थानीय सरकारले आफ्नो संस्थागत तथा मानवस्रोतको क्षमता विकास गर्दै जानु पर्ने हुन्छ। जसको लागि स्पष्ट क्षमता विकास योजना, बजेटको सुनिश्चितता तथा रणनीतिको आवश्यकता पर्दछ। यही कार्यलाई सहज बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७७" तयार गरिएको थयो । सोही दिग्दर्शनलाई आधार मानी स्थानीय तहहरूको ३ वर्षे क्षमता विकास योजना तयार गर्न यस आर्थिक वर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रदेश प्रशिक्षण प्रतिष्ठानले बिभिन्न आधारहरू तयार गरी २२ वटा स्थानीय तहहरू छनोट गरी सहयोग गरेको थियो। यस कार्यमा बर्दिया जिल्लाका राजापुर नगरपालिका र बारबर्दिया नगरपालिका, बाँके जिल्लाका कोहलपुर नगरपालिका र बैजनाथ गाँउपालिका, दाङ जिल्लाका राप्ती गाँउपालिका र बबई गाउँपालिका, रोल्पा जिल्लाका त्रिवेणी गाँउपालिका र माडी गाँउपालिका, प्यूठान जिल्लाका ऐरावती गाँउपालिका र स्वर्गद्वारी नगरपालिका, अर्घाखाँची जिल्लाका सितगँगा नगरपालिका र सन्धिखर्क नगरपालिका, कपिलवस्तु जिल्लाका महाराजगञ्ज नगरपालिका र यसोधरा गाँउपालिका, रूपान्देही जिल्लाका सियारी गाँउपालिका र

देवदह नगरपालिका, गुल्मी जिल्लाका रूरूक्षेत्र गाउँपालिका र धुर्कोट गाँउपालिका, पाल्पा जिल्लाका रामपुर नगरपालिका र तिनाउँ गाउँपालिका र नवलपरासी वर्दघाट सुस्ता पश्चिमका रामग्राम नगरपालिका र सरावल गाउँपालिका रहेका छन्।

माथि उल्लेखित २२ वटा स्थानीय तहहरूलाई ४ वटा क्लस्टरमा विभाजन गरी हरेक क्लस्टरका लागि प्रतिष्पर्धाबाट ४ वटा परामर्शदाता संस्थाहरू छनोट गरी सम्झौता गरी सोही अनुरूप कार्य संचालन भएको थियो। स्थानीय तहमा क्षमता विकास योजनाको कार्य अगाडि बढाउनु पहिले परामर्शदाताहरुसँग १ दिने अभिमुखिकरण तथा अन्तरक्रिया संचालन गरिएको थियो। जसबाट कार्य शर्तमा रहेका अपेक्षाहरू, अवधारणात्मक सत्र, प्रक्रिया, विधिहरू तथा सूचना संकलनमा प्रयोग हुने ढाँचाहरू र प्रतिवेदनको ढाँचाको वारेमा छलफल गरिएको थियो।





देवदह नगरपालिकाको

क्षमता विकास योजना

(संस्थागत तथा मानवश्रोत क्षमता)

(२०७८/७९ देखि २०८०/८१)

अन्तिम प्रतिवेदन

देवदह नगरपालिका

रुपन्देही

लुम्बिनी प्रदेश

कोभिड महामारिको जोखिमका वावजुत पनि सम्बन्धित स्थानीय तहहरूसँग सानो समूहमा छलफल, लेखाजोखा तथा अन्तर्वार्ता गर्नुका साथै स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकनको नतिजालाई आधार मानेर सकेसम्म वास्तविक तथा आवश्यकता र मागमा आधारित योजनाहरू तयार भएका छन्। तयार भएका क्षमता विकास योजनामा **बिभिन्न** नीतिनियमहरू तयार गर्ने, पालिकाको पूर्वाधार विकास गर्ने, प्रणालीमा सुधार गर्ने जस्ता कुराहरू संस्थागत विकास योजनामा उल्लेख छन् भने कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गर्ने आवश्यक तालिम, गोष्ठिहरू संचालन गर्ने कुराहरू मानव संसाधन क्षमता विकासमा उल्लेख छ।


त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :- २०७७/०७८ मिति :- २०७८/०३/३०

चलानी नं.:- ४६५६

श्री प्रदेश प्रशिक्षण प्रतिष्ठान,

नेपालगंज, बाँके।

विषय :- क्षमता विकास योजना स्वीकृत गरिएको सम्बन्धमा।

उपरोक्त विषय सम्बन्धमा तहाँको कार्यालयबाट सञ्चालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमसँग भएको द्विपक्षीय समझदारी पत्रानुसार तयार पारिएको क्षमता विकास योजना गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत गरिएको व्यहोरा अनुरोध छ । साथै उक्त बैठकबाट क्षमता विकास योजना तयार गर्न सहयोग गरेकोमा प्रदेश प्रशिक्षण प्रतिष्ठान, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, नेपालगंज, बाँकेलाई हार्दिक धन्यवाद दिने निर्णय गरेको व्यहोरा समेत अनुरोध छ।

२०७८/३/३०

निम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

योजनाको प्रभावकारी कार्यान्वयनका लागि हरेक स्थानीय तहहरूले क्षमता विकास योजना संयोजन समिति गठन गरेका छन् भने एकजना सम्पर्क व्यक्ति पनि तोकिएको छ।सवै स्थानीय तहहरूले आफुले आवश्यक बजेट बिनियोजन तथा वाह्य सहयोगी निकायहरूबाट सहयोग प्राप्त गरी कार्यान्वयन गर्ने प्रतिबद्दता समेत व्यक्त गरेका छन्।

### ३.२.६ स्थानीय तहमा लै.स.सा.स. परीक्षण

यस क्रियाकलापको मूख्य उद्देश्य  लै.स.सा.स. मूलप्रवाहीकरणका लागि स्थानीय सरकारले लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको परिक्षण गरी लै.स.सा.सलाई संस्थागत रूपमा सबल र सक्षम बनाउन सहयोग पुर्‍याउनु हो । यसका साथै स्थानीय तहको लै.स.सा.स भए नभएको, लै.स.सा.स आन्तरिकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको मुल्याङ्कन  गरी  लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय तहमा संस्थागत गर्न आवश्यक सुझावहरू सिफारिस गर्नु रहेको छ । लै.स.सा.स. परीक्षण निर्देशिका २०७७ अनुसार लुम्बिनी प्रदेशको ५१ स्थानीय तहको लै.स.सा.स.परीक्षण कार्य सम्पन्न भएको छ ।

परीक्षणको लागि सबैभन्दा पहिले हरेक पालिकामा ३ देखि ५ सदस्सीय लै.स.सा.स कार्यदल गठन गरीएको थियो । कार्यदलको सहयोगमा पालिकाको  नीति तथा कार्यक्रम  सम्बन्धि दस्ताबेजहरू संकलन गरी लै.स.सा.स.को दृष्टिकोणले मूल्यांकन गरिएको थियो । त्यसपछि लै.स.सा.स. परीक्षणको अवधारणा र महत्वको बारेमा अभिमुखिकरण गरीएको थियो । लै.स.सा.स. परीक्षण निर्देशिका २०७७ मा उल्लेख भएका ५ वटा मूल विषय, २२ वटा सहायक विषय अन्तरगत रहेका १०० वटा सूचकका आधारमा अंक प्रदान गरिएको थियो । यसका साथै लै.स.सा.स.का सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौति विष्लेशण गरिएको थियो । प्राप्त नतिजा र अवस्था विश्लेषण आधारमा ५१ स्थानीय तहको  लै.स.सा.स विकास कार्ययोजना निर्माण गरिएको थियो ।






५१ पालिकाको लै.स.सा.स. परीक्षणमा जम्मा १०९६ जना सहभागी भएका थिए । जसमा ३१% महिला, ६९% पुरुष,  ५८.%बा.क्षे, २३% जनजाति, ९% दलित, ७% मधेशी, ३% मुस्लिम र अन्य ०% रहेका थिए । जसमा ३१% जनप्रतिनिधि, ६२% कर्मचारी र ७% अन्य सहभागी रहेका थिए । ५१ वटा पालिकाको लै.स.सा.स परीक्षणको नतिजा र वर्गीकरण निम्नानुसार रहेको छ।

| | |
|---|---|
| ४० भन्दा कम अंक प्राप्त गर्ने पालिकाको संख्या | १ |
| ४१ -५५ अंक प्राप्त गर्ने पालिकाको संख्या | ३१ |

| | |
|---|---|
| ५६- ७० अंक प्राप्त गर्ने पालिकाको संख्या | १४ |
| ७१-८५ अंक प्राप्त गर्ने पालिकाको संख्या | ५ |
| जम्मा स्थानीय तह | ५१ |




### ३.२.७ स्थानीय तहमा लै.स.सा.स. मूलप्रवाहिकरण

प्रदेश प्रशिक्षण प्रतिष्ठानले लुम्बिनी प्रदेशको १०९ स्थानीय तहहरूमध्ये १०३ वटा (९४ प्रतिशत) स्थानीय तहमा २ दिने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स) मूलप्रवाहीकरण तालिम सम्पन्न गरेको छ । यस क्रियाकलामको मुख्य उद्देश्य नेपालको संविधानमा आधारित भई स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशी विकासलाई प्रवद्धन गर्न, विपन्न र पछाडि परेका/पारिएका वर्गको संविधान प्रदत्त अधिकारलाई प्रत्याभूत गराउन तथा संघीय लोकलान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यामबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न स्थानीय स्तरदेखि नै लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रक्रियालाई मूलप्रवाहीकरण गर्न सघाउ पुराउनु हो ।

१०३ स्थानीय तहमा भएको तालिममा जम्मा २३०८ जना सहभागी भएका थिए । जसमा ३४% महिला, ६६% पुरुष, ५६% बा.क्षे, २५% जनजाति, १२% दलित, ४% मधेशी, २% मुस्लिम र अन्य १% रहेका थिए । जसमा ०.३% अपांगता भएका व्यक्तिहरू, ४०% जनप्रतिनिधि, ४६% कर्मचारी र १४% अन्य सहभागी रहेका थिए ।

२ दिनको तालिममा लै.स.सा.स. सम्बन्धि अवधारणा, लै.स.सा.स. सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधानहरू, लैङ्गिक उत्तरदायि बजेट, योजनाका ७ चरणहरूमा लै.स.सा.स. मूलप्रवाहीकरण र लै.स.सा.स मूलप्रवाहीकरणमा स्थानीय सरकारको भूमिकामा प्रशिक्षण भएको थियो। यसका साथै लै.स.सा.स.मा स्थानीय तहको सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौतीको विष्लेषण (SWOT Analysis) गरिएको थियो। अवस्था विश्लेषणको आधारमा १ वर्षको लै.स.सा.स. मूलप्रवाहीकरण सम्बन्धि कार्ययोजना तयार गरिएको छ । स्थानीय तहको लै.स.सा.स.कार्ययोजनामा समावेश भएका मुख्य विषयहरू निम्नानुसार छन् ।

- स्थानीय तहमा लै.स.सा.स. सम्पर्क व्यक्ति चयन गर्ने ।
- स्थानीय तहमा लै.स.सा.स. समिति गठन गर्ने ।
- खण्डीकृत तथ्याङ्क संकलन, व्यवस्थापन तथा प्रयोग ।
- लै.स.सा.स.मूलप्रवाहीकरण र लैङ्गिक उत्तरदायि बजेटमा जनप्रतिनिध, कर्मचारी, महिला, तथा बञ्चितिकरणमा परेका समुदायहरूको क्षमता विकास गर्ने ।
- स्थानीय तहमा गठन भएका विभिन्न समिति, उपसमिति, उपभोक्ता समितिहरूको संरचना पुनराबलोकन गर्ने र थप समावेशी बनाउने । यसका साथै समितिको नेत्तृत्वमा महिला तथा बञ्चितिकरणमा परेका समुदायहरूको सहभागीता वृद्धि गर्ने ।
- स्थानीय तहको लै.स.सा.स.नीति, निर्देशिका तयार गर्ने ।
- महिला तथा बञ्चितिकरणमा परेका समूदायहरुको सूचना प्रविधिमा पहुँच वृद्धि गर्ने कार्यक्रमहरू तय गर्ने ।
- लै.स.सा.स प्रवद्धनका लागि रेडियो कार्यक्रम, बालबिवाह विरुद्धको अभियान, विपन्न तथा बञ्चितिकरणमा परेका समुदायको लागि आयआर्जन तथा सीपमूलक कार्यक्रमहरू गर्ने ।
- महिला तथा बन्चितिकरणमा परेका समुदायको सवाललाई सम्बोधन गर्दै स्थानीय तहको योजना प्रक्रियालाई थप समावेशी र सहभागीतामूलक बनाउँने ।






फोन नं: ०८२-५२०२३३ ... फ्याक्स: ०८२-५२०२०५

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-०७७/७८
चलानी नं. :-६८४६

मिति : २०७८/०३/०८

विषय : प्रतिवद्धता सम्वन्धमा ।

श्री जनउत्थान समाज विकास केन्द्र
घोराही, दाङ ।

उपरोक्त सम्वन्धमा तहाँ सस्थाले लुम्बिनी प्रदेश प्रतिष्ठानको सहयोगमा यस कार्यालयमा २ दिने लैगिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहिकरण गोष्ठि सम्पन्न गरी सो अनुसार औलाईएका विषयहरुमा आगामी वर्षहरुमा त्यसलाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

(भाष्करराज गौतम)
नि.प्रमुम प्रशासकीय अधिकृत

## ३.२.८ स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन (LISA)

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई व्यवस्थापकीय, कार्यपालिका र न्यायपालिकाको अधिकार प्रदान गरेको छ। यस परिप्रेक्ष्यमा स्थानीय सरकारको संस्थागत, कानुनी, राजनीतिक र आर्थिक पक्षहरूको विकासक्रम के कस्तो स्थितिमा रहेको छ भन्ने जानकारीका साथै संवैधानिक जिम्मेवारी अन्तर्गतका महत्वपूर्ण विषयहरूलाई समयमा नै सम्बोधन गर्न सक्ने गरी स्थानीय सरकारलाई सबल बनाउन अति आवश्यक छ । स्थानीय सरकारले आफ्नो संवैधानिक जिम्मेवारी प्रभावकारी ढङ्गबाट पूरा गर्न सक्षम छ भन्ने सुनिश्चित गर्न स्थानीय सरकारको संस्थागत सबल पक्ष र दुर्वल/सुधार गर्नुपर्ने पक्षहरूको नियमित रूपमा विश्लेषण गर्न जरूरी छ ।




स्थानीय सरकार स्वायत्त भएको र यसको आफ्नै नेतृत्वमा आफ्नो संस्थाको स्वमूल्यांकन गर्न बढी प्रभावकारी एवं व्यवहारिक हुने भएकाले स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन पद्धतिको विकास गरिएको हो । यस पद्धतिले स्थानीय सरकारको संस्थागत क्षेत्रमा रहेका सबल र दुर्वल/ सुधार गर्नुपर्ने पक्षहरूको लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ । स्थानीय सरकारको कार्यक्षमता र सेवा प्रवाहका विषयहरू अति नै महत्वपूर्ण छन् । स्व-मूल्याङ्कन पद्धतिले सम्बन्धित स्थानीय सरकारका चुनौती र अवसरहरू पहिचान गरी क्षमता अभिवृद्धि गर्न मद्दत पुर्याउँछ ।

यसै कुरालाई मध्यनजर गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७" तयार गरी यसको कार्यान्वयनको लागि सबै स्थानीय तहहरूलाई मिति २०७७/०८/२९ मा पत्राचार समेत गरिसकेको सन्दर्भमा सो कार्यविधि वमोजिम स्थानीय तहहरूको संस्थागत स्वमूल्यांकन गर्ने तौरतरिका सम्बन्धि पूर्व प्रशिक्षण प्रदान गर्न जरुरी भएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले श्रोत व्यक्तिहरू उत्पादन गर्ने हेतुले मिति २०७७/१०/२६ मा सबै प्रदेशका प्रदेश प्रशिक्षण प्रतिष्ठान/सुशासन केन्द्रहरूलाई पत्राचार गरे अनुसार गत फाल्गुन १०-१२, २०७८ (फेब्रुअरी २२-२४, २०२१) बुटवलमा प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो | उक्त प्रशिक्षण कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, प्रदेश कार्यक्रम कार्यान्वयन इकाईका कर्मचारीहरू, प्रदेश स्तरीय मन्त्रालयका कर्मचारीहरू, प्रदेश प्रशिक्षण प्रतिष्ठानका कर्मचारीहरू र स्वतन्त्र विज्ञ गरी जम्मा ६९ जनाले भाग लिएका थिए | सहभागीको संख्या धेरै भएकोले सहभागीहरूलाई दुई समूहमा बिभाजन गरी एकै साथ दुईवटा तालिम सँगसँगै संचालन गरिएको थियो | प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्नका लागि वयस्क "सिकाई सिद्धान्तमा आधारित भई सहभागीतामूलक विधिहरू"को अबलम्बन गरिएको थियो | प्रशिक्षणमा खासगरी निम्न विधिहरू अपनाईएको थिए: प्रस्तुतीकरण, लघु प्रवचन, मस्तिष्क मन्थन, प्रश्नोत्तर, छलफल, श्रव्य दृश्य, समूह अभ्यास आदि ।

यसरी तयार गरिएका प्रशिक्षकहरूबाट यस लुम्बिनी प्रदेश भित्रका १२ जिल्लाका १०९ वटा पालिकाहरूमा स्थानीय तहको स्वमूल्यांकन कार्यक्रम सम्पन्न गरिएको छ । यसरी १०९ वटै स्थानीय तहहरू (पालिकाहरू) मा कार्य बिभाजन गरी स्वमूल्यांकन गर्ने कार्य सम्पन्न भएको छ | यसरी तालिम प्राप्त प्रशिक्षकहरूले स्थानीय तहको कार्यसम्पादन, स्थानीय सुशासन तथा स्थानीय तहको समग्र सेवा प्रवाहको स्वमूल्यांकन हुने

सूचक सहित तर्जुमा भएको "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७" मा उल्लेखित पक्षहरूलाई संम्बोधन गर्न स्थानीय सरकारका कार्यगत विषयक्षेत्रहरूः *शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, बार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय तथा आर्थिक व्यवस्थापन, सार्वजनिक सेवाप्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशिकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, सहकार्य र समन्वय* जस्ता पक्षहरूलाई जना प्रतिनिधि र कर्मचारीको उपस्थितिमा समीक्षा एवं स्वमूल्यांकन गर्दै संस्थागत सबल पक्ष र कमजोर पक्षहरू केलाएर प्राप्त गरेको अंकलाई कार्यपालिकाबाट अनुमोदन गरी सार्वजनिक गर्ने कार्य सम्पन्न गरिएको छ । यसरी पालिकहरूमा स्वमूल्यांकन गर्नु पूर्व पालिकाका जनप्रतिनिधि र कर्मचारीहरूलाई संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको पावर प्वाईन्ट सामाग्रीमा आधारित भई चार दिनको अनुशिक्षण कार्यक्रम संचालन गरेका थिए । अनुशिक्षण कार्यक्रममा सहभागीहरूलाई स्व-मूल्याङ्कन र LISA को पृष्ठभूमि, उद्देश्य महत्व, औचित्य/आवश्यकता तथा अपेक्षित नतिजाबारे जानकारी दिने, "स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७" का महत्वपूर्ण पक्षबारे प्रष्ट पार्ने, स्व-मूल्याङ्कनका विषयक्षेत्र र सूचक; तीन तहका स्थितिहरू, अंकभार, नतिजाको वर्गिकरण, गुणस्तरको सुनिश्चितता बारे विस्तृत छलफल गर्ने, स्वमूल्याङ्कनका १० वटै विषयक्षेत्र बारे आधारभूत जानकारी दिने, स्वमूल्याङ्कन प्रक्रिया र स्वमूल्यांकनको अनलाईन प्रणालीबारे जानकारी गराउने र स्वमूल्याङ्कन कार्य योजनाबारे विस्तृत छलफल तथा जानकारी गराउने काम यस प्रतिष्ठानबाट खटिनु भएका विज्ञको समूहले गर्नु भएको थियो ।

यसरी पालिकाहरूको स्वमूल्यांकन गर्दा पालिकाकै जनप्रतिनिधि र कर्मचारीहरूले गर्नु पर्ने र यसपछि प्राप्त भएको नतिजाले देखेका सबल पक्षहरू आत्मसाथ गरी आगामी वर्षहरूमा पनि कायमै राख्नु पर्ने र दुर्बल पक्षहरू पत्ता लगाएर त्यसको सुधार गर्नु पर्ने भएकोले यो मूल्यांकनको मुख्य जिम्मेवार पक्ष पालिकाहरू आफै भएकोले तालिम प्राप्त विज्ञहरूले सहजिकरण गर्ने काम गर्नु भएको थियो । यसरी स्वमूल्यांकनको पछि प्राप्त नतिजाहरूलाई सम्बन्धित पालिकाको कार्यपालिका बैठकबाट अनुमोदन गराई पालिकाको आफ्नो वेबसाईट र संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय सरकारको स्वमूल्यांकन (LISA Assessment) को वेबसाईटमा राख्न अनुरोध गरियो । यसको लागि प्रत्येक पालिकामा कार्यरत सूचना तथा प्रबिधि अधिकृतहरूको लागि पनि भर्चुअल तालिम संचालन गरिएको थियो । हालसम्म प्राप्त नतिजाको आधारमा लुम्बिनी प्रदेशका चारवटा पालिकाहरू क्रमसः तानसेन नगरपालिका, बुटवल उप-महानगरपालिका, घोराही उप-महानगरपालिका र तिलोत्तमा नगरपालिका क्रमसः प्रथम, द्बितीय, तृत्तीय र चतुर्थ भई उत्कृष्ट अंक प्राप्त गर्न सफल भएका छन् । यदि हामीले स्वमुल्याङ्कनको नतिजालाई देशका सम्पूर्ण पालिकाहरूसँग तुलना गरी हेर्ने हो भने तानसेन तेस्रो, बुटवल उप-महानगरपालिका सातौं, घोराही उप-महानगरपालिका नवौं र तिलोत्तमा नगरपालिका एघारौं स्थानमा रहेको छ । सबै स्थानीय तहहरूले सुधारका लागि कार्ययोजना समेत तयार गरेका छन्।

### ३.२.९ प्रतिष्ठानको वेबसाईटका सम्बन्धमा



प्रतिष्ठानका उद्देश्यहरू, संरचना, प्रणाली तथा अन्य आवश्यक सूचना सरोकारवालाहरू बिच पुर्‍याउन वेबसाईटले महत्त्वपूर्ण भूमिका खेलेको छ। २०७७/०७८ पश्चात् यस प्रतिष्ठानको वेबसाईट तयार गरेर संचालनमा ल्याईएको छ। प्रतिष्ठानको वारेमा जानकारी दिनुका अलावा प्रतिष्ठानको वेबसाईटका माध्यमबाट **बिभिन्न** सूचनाहरूको जानकारी गराउने, तालिम तथा परामर्श सेवा सम्बन्धि फारमहरू उपलव्ध गराउने र **बिभिन्न** दस्तावेजहरू सर्वजनिक गर्ने गरिएको छ। यस प्रतिष्ठानको वेबसाईटको ठेगाना https://pta.lumbini.gov.np रहेको छ। आगामी दिनहरूमा नियमित अपडेट गर्दै अझै व्यवस्थित र प्रभावकारी बनाउँदै लगिने छ।

### ३.२.१० प्रतिष्ठानको भौतिक पूर्वाधार निर्माणका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन तयारी



यस प्रदेश प्रशिक्षण प्रतिष्ठानले आ.व. २०७७/०७८ मा प्रतिष्ठानको हाताभित्र रहेको जमिन उपयोग गरी व्यवस्थित योजना तयार गरी आवश्यक पूर्वाधारको निर्माण गर्दै जाने उद्देश्यले प्रतिष्ठानको गुरुयोजना तयार गरिएको छ। साथै, प्रशासनिक भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) पनि तयार भएको छ। आगामी वर्षहरूमा थप पूर्वाधारहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र प्राथमिकताका आधारमा पूर्वाधारहरूको निर्माण गर्दै जाने योजना रहेको छ।

### ३.२.११ भवन मर्मत सम्भार तथा फर्निचरको व्यवस्था:

प्रतिष्ठान परिसरमा हाल रहेका भवन तथा फर्निचरहरू जीर्ण अवस्थामा रहेकाले कार्यक्रमहरू संचालन गर्नका लागि केही पुराना भवनहरूलाई मर्मतसम्भार गरी नयाँ भवन नबने सम्मका लागि मर्मत भएका भवनहरू प्रयोग गरी सो मार्फत कार्यक्रमहरू अगाडि बढाउनु पर्ने अवस्था देखिएकाले यस आ.व २०७७/०७८ मा कार्यालयमा मर्मत सम्भारका कार्यहरू भएका छन् । उक्त मर्मत सम्भारका कामहरू बुँदागत रूपमा तल उल्लेख गरिएको छ ।

१) **प्रशाशनिक भवनको मर्मत सम्भार:** प्रशाशनिक भवनको कोठाहरूमा पानी परेको बेला पानी चुहिने समस्या भएको हुदा, छत मर्मत गरि पानी नचुहिने बनाईएको छ साथै भवनभित्र गल्लि, अगाडिको भाग र ट्वाईलेटमा टायल लगाइएको छ ।




तस्बिर: प्रशाशनिक भवन



तस्बिरः प्रशाशनिक भवन



तस्बिरः प्रशाशनिक भवनमा टाईलस् लगाइसके पछिको तस्बिर

२) **सभा हल को मर्मत सम्हार:** सभा हलकोभित्र छतको टिनबाट पानी चुहिने समस्यालाई मर्मत गरि सभा हलमा नयाँ फर्निचरहरू राखीएको छ ।




तस्बिरः सभा गृह





तस्बिरः सभा गृह भित्रको तस्बिर (मर्मत सम्भार पछिको)

३) **क्यारी निर्माण:-** प्रशाशनिक भवन बाहिर ट्रेङ्गल आकारको क्यारी निर्माण गरी क्यारीमा फूलहरू तथा भित्र रुखहरू लगाइएको छ । होस्टेल भवन र प्रशिक्षण भवनतर्फ पनि क्यारीको निर्माण गरिएको छ ।





तस्बिर: प्रशाशनिक भवन बाहिरको क्यारीको तस्बिर



४) **रंङ्गरोगनः**-कार्यालयभित्र रहेका भिभिन्न पुराना भवनहरूमा रंङ्गरोगन गर्ने काम गरियो ।





तस्बिरः- चमेनागृहको रङ्गरोगन पछि



तस्बिरः छात्राबास भित्रको रङ्गरोगन पछिको तस्बिर

५) **कार्यालय प्रवेश गेट निर्माण:-** कार्यालय प्रवेश गेटलाई मर्मत गरी कार्यालयलाई थप सुरक्षित गरिएको छ ।




तस्बिरः गेट बन्दै गरेको तस्बिर



तस्बिरः गेट बन्दै गरेको तस्बिर

**६) शौचालय मर्मत तथा निर्माण :-** कार्यालयमा पुरानो भएको शौचालय मर्मत गरिएको छ साथै आवश्यकता अनुसार शौचालयहरू थप नयाँ निर्माण भएका छन्।





तस्बिरः- सभागृहको शौचालय मर्मत पछिको तस्बिर






तस्बिरः प्रशिक्षण भवनमा शौचालय थप निर्माण

# परिच्छेद - चार
# प्रतिष्ठानको अवसर र चुनौति

## ४.१ अवसरहरू

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम प्रतिष्ठानको आधारको रूपमा उपयोग गर्न सकिनेः प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका धेरैजसो क्रियाकलापहरू प्रतिष्ठानद्वारा कार्यान्वयन हुने भएकाले सेवा प्रवाहका साथसाथै प्रतिष्ठानको संस्थागत विकासमा यस कार्यक्रमको सहयोग रहने हुनाले भविष्यमा प्रतिष्ठानले संचालन गर्ने कार्यक्रमका लागि आधारको रूपमा यहाँका पूर्वाधारहरू, पाठ्यक्रम तथा सिकाई सामग्रीहरू तथा अन्य औजारहरू यसै प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सम्पन्न भए पश्चात् पनि निरन्तर रूपमा प्रयोग गरी आफ्ना सेवाहरू निरन्तर प्रदान गर्न सक्ने देखिन्छ।

**प्रतिष्ठानलाई लुम्बिनी प्रदेशको सिकाई केन्द्रको रूपमा विकास गर्ने:** प्रदेश प्रशिक्षण प्रतिष्ठान प्रदेश स्तरको एक मात्र सरकारी स्तरको प्रशिक्षण केन्द्रको रूपमा रहेकाले यस प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहहरूका जनप्रतिनिधिहरू र कर्मचारीहरूका लागि आवश्यक **बिभिन्न** प्रकारका प्रशिक्षणहरू संचालन गर्नुका साथै सिकाईका विभिन्म माध्यमहरू जस्तै भर्चुअल सिकाई, अनलाईन पाठ्यक्रम निर्माण तथा सिकाई संचालन, विषयगत अन्तर्कृया तथा बहस, अध्ययन तथा अनुसन्धान, कोचिङ तथा अनुशिक्षण आदि। साथै संघीयता र स्थानीय शासनको बारेमा सिक्न तथा अनुसन्धान गर्न चाहनेहरूको लागि पनि उपयुक्त स्थानको रूपमा विकास गर्न सकिन्छ।

**राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका क्षमता विकासमा कार्य गर्ने संस्थाहरूसँग सहकार्य गर्न सकिने:** प्रतिष्ठान एउटा स्वतन्त्र संस्थाको रूपमा रहने भएकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रशिक्षण केन्द्रहरूसँग समन्वय, सिकाई तथा अनुभव अदानप्रदान, सम्वन्धन लिन तथा प्रदान गर्न सक्ने अवसर देखिन्छ। अन्य संस्थाहरूसँगको सहकार्यबाट प्रतिष्ठानका क्रियाकलापहरूलाई अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने देखिन्छ।

**प्रादेशिक मन्त्रालयहरू र स्थानीय तहहरूसंग साझेदारीमा कार्य गर्ने:** प्रदेश मन्त्रालयहरू र स्थानीय तहहरूसँग ती कार्यालयहरूको संस्थागत तथा मानव संसाधन विकासमा सहकार्य गर्न सकिने देखिन्छ, खासगरी स्थानीय तहहरूले पनि क्षमता विकासमा रकम खर्च गर्न सक्ने अवस्था रहेकाले आपसि समन्वय तथा साझेदारीमा कार्यक्रमहरू संचालन गर्न सकिने देखिन्छ।

## ४.२ चुनौतिहरू

स्थापनाको पहिको वर्ष प्रतिष्ठानले कार्यक्रम संचालन गर्ने क्रममा केही चुनौतिहरूको सामना गर्नु परेको ती यस प्रकार रहेका छन्।

- यस आ.व. मा बजेट र कार्यक्रम अनुरूप जनशक्तिको अभाव रहेको अनुभव भएको थियो। खास

गरी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममा थोरै समयमा धेरै प्रतिफल प्राप्त गर्नु पर्ने अवस्था देखिएको थियो। ५ जना प्राविधिक सहयोग टोलीबाट कार्यक्रमका लागि सहयोग बाहेक दैनिक कार्यालयको प्रशासनिक कार्य संचालन तथा पेस्की लिएर कार्यक्रम संचालनका लागि स्थानीय तहमा जान कर्मचारीको अभावले एकैपटक धेरै कार्यक्रमहरू संचालन गर्न सकिएन।

- प्रतिष्ठानको वर्तमान अवस्थाको पूर्वाधारको अवस्था पुरानो हुनु र प्रयाप्त नभएकाले प्रतिष्ठानमा एकैचोटी एक भन्दा बढि तालिम संचालन गर्न, आवासीय तालिम संचालन गर्न, सहभागीहरूलाई खाना तथा खाजाको व्यवस्था गर्न तथा सिकाईलाई बढी प्रभावकारी बनाउन सहयोग गर्ने पूर्वाधार तथा उपकरणको अभाव अनुभव भयो।
- कार्यक्रम संचालन गर्न बजेट अख्तियारी ढिलो प्राप्त (पौष १५ गते) हुँदा कार्यक्रम संचालन तथा परामर्श सेवा प्रक्रिया सुरुवात गर्न ढिला भएकाले योजना अनुसारको उपलब्धि हासिल गर्न सकिएन।
- कार्यक्रमको परिमाण धेरै तर समयावधि छोटो रहेकाले कार्यसम्पादनमा समस्या देखियो। प्रक्रिया पनि पूर्ण रूपमा पालना गर्नु पर्ने भएकाले सबै कार्यक्रम संचालन गर्न सकिएन। तरपनि उपलव्ध मानवस्रोतको पूर्णरूपमा प्रयोग गरी कार्यक्रमहरू संचालन गरियो।
- प्रतिष्ठानको तालिम संचालनको छुट्टै कार्यविधिको अभावले तालिम कार्यक्रमहरूलाई प्रभावकारी बनाउन गाह्रो भएको थियो।
- कोभिडका कारणले योजना अनुसारका तालिम तथा गोष्ठी संचालन गर्न सकिएन। तैपनि केही तालिमहरू भर्चुअल माध्यमबाट संचालन गर्न सकियो।

## ४.३ भावि रणनीतिहरू

- प्रतिष्ठानलाई आवश्यक पूर्वाधार, उपकरणहरू तथा सिकाई सामाग्रीबाट सुविधा सम्पन्न बनाएर भविष्यमा राष्ट्रिय स्तरको प्रशिक्षण तथा अध्ययन केन्द्रको रूपमा विकसित गर्दै लैजाने तिर निरन्तर लाग्ने।
- प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई दिगो रूपमा संचालन गर्न आम्दानीको **भिविन्न** श्रोतहरूको पहिचान र परिचालन गर्ने।
- प्रतिष्ठानलाई **बिभिन्न** आवश्यक कार्यक्रमहरू संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी आन्तरिक आम्दानी गर्दै प्रतिष्ठानलाई आतमनिर्भरता तर्फ लैजाने । त्यसको लागि स्पष्ट रणनीति, व्यावसायिक योजना तथा आवश्यक निर्देशिका तयार गरी लागू गर्ने।
- प्रतिष्ठानमा डिजिटल ल्यावको स्थापना गरी सूचना प्रविधिमैत्री सिकाईलाई प्रवर्धन गर्दै लैजाने।
- प्रतिष्ठानमा संघ तथा प्रदेशबाट प्राप्त हुने बजेट तथा कार्यक्रमलाई उचित समयमा नै संपन्न गर्न कार्यक्रम कार्यान्वयन समय सारिणी बनाई लागू गर्ने ।
- प्रतिष्ठानलाई आवश्यक रणनीति तथा व्यावसायिक योजना तथा निर्देशिका तयार गरी सोही अनुरूप कार्यान्वयन गर्दै जाने।

# परिच्छेद - पाँच
# प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यक्रमको प्रभावकारिता

## ६.१ कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास

### ६.१.१ मामिला अध्ययन

### मामिला अध्ययन-१

### सेवाकालीन तालिम र सेवा प्रवाहमा यसले पारेको प्रभाव

**नामः** लक्ष्मी सुवेदी

**कार्यालयः** लमही नगरपालिका, दाङ

**पदः**प्रशासन सहायक

**तहः** सहायकस्तर पाँचौ

**हालको जिम्वेवारीः** वडा सचिब, वडा नं.-८



प्रदेश प्रशिक्षण प्रतिष्ठानले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सहयोगमा प्रदेश तथा स्थानीय तहले प्रदेश तहहरूको सहायकस्तर कर्मचारीहरूको लागि ३० कार्य दिने सेवाकालीन प्रशिक्षणमा सहभागी भएपछि म आफूलाई कार्यक्षेत्रमा निकै फरक महशुस गरेकी छु। सेवाकालीन तालिममा भएका कार्यालय व्यवस्थापन तथा वित्त व्यवस्थापन सम्बन्धि ज्ञान, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने सिप, सूचना तथा सञ्चार प्रविधि, व्यक्तित्व विकासका आयामहरूको प्रयोग तथा समसामयिक सवालहरूको ज्ञानले मलाई सेवा प्रवाहमा आवश्यक व्यवहारिक ज्ञान, सीपमा अभिवृद्धि गराई क्षमता तथा वृद्धि विकासमा सहयोग भएको हुनाले आफ्नो काममा रमाएको अनुभव भएको छ।

प्रदेश प्रशिक्षण प्रतिष्ठान नेपालगंजको तालिम हलमा संचालन गरिएको थियो | सेवाकालीन प्रशिक्षण कार्यक्रमको अवधिमा सहज तरिकाले बिताएको पत्तै भएन। तालिममा प्रयोग भएका प्रशिक्षण विधिले सिकाई सजह बनाएको थियो। यसमा सम्भव भएसम्म वयस्क सिकाई सिद्धान्तमा आधारित भई लघुप्रवचन, अभ्यास, प्रश्नोत्तर र छलफल, अनुभव आदनप्रदान, मस्तिष्क मथन, समूह, अभ्यास खेल, मामिला अध्ययन आदि विधिहरू प्रयोगमा ल्याइएको थियो। सहभागीका लागि सामाग्रीको व्यवस्था पर्याप्त मात्रामा व्यवस्था भएको थियो।

लुम्बिनी प्रदेशका विभिन्न जिल्लाबाट आउनु भएका मित्रहरूको भेटघाट, वातावरण, कार्य जिम्मेवारी, बेला-बेलामा स्थानीय तहबाट सामना गर्नु पर्ने दवाव र राजनैतिक प्रभाव सम्बन्धमा भएको अन्तर्कृयाबाट कामप्रति सकारात्मक प्रभाव परेको छ।

संगठनात्मक व्यवहारका नवीनतम् प्रवृतिहरूलाई व्यवहारमा कार्यन्वयन गर्ने प्रयास गरेको छ। जस्तै नियन्त्रणभन्दा उत्प्रेरणामा जोड मानवीय व्यवहार एवं सामूहिक लक्ष्यमा जोड, प्रतिस्पर्धामा विश्वास, प्रक्रियाभन्दा नतिजामा जोड दिनुपर्ने व्यवहारिक अभ्यासले मेरो कार्य क्षेत्रमा निकै सहज महशुस गरेकी छु । स्थानीय तहको वडा सचिव पदमा काम गर्दा जनतासँग प्रत्यक्ष नजिक भएर काम गर्दा यस सेवाकालीन तालिमले एकदम राम्रो उर्जा प्रदान गरेको छ र गरको काम प्रति गौरव गर्न सिकाएको छ।



स्थानीय तह संस्थागत क्षमता र कार्यविधिको व्यवहारिक ज्ञानले तालिम पश्चात् के कस्ता काम तथा क्रियाकलाप गरिएमा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन राम्रो हुन्छ भन्ने ज्ञानका कारण सेवा प्रवाहमा बिशेष ध्यान दिइएको छ । विभिन्न प्रशासनिक, राजनैतिक, व्यवस्थापकिय तनावका बिच पनि सेवा प्रवाह नागरिक मैत्री सेवामा जोड दिन यस तालिमले सिकाएको छ। मेरो वडाबाट प्रदान गरिने सेवाहरूका बारेमा कार्यालय परिसर लगायत चोक चोकमा राखेर प्रचार प्रसार गरिएको छ। नागरिक मैत्री सेवामा जोड दिन विभिन्न निवेदनका ढाँचाहरू बनाई नागरिकको सेवा गर्नुपर्ने व्यहोराको निवेदन लेखी सहजिकरण गर्ने व्यवस्था गरिएको छ। सम्बन्धित विभिन्न ऐन नियमको महत्व बुझेर नियमित अध्ययन गर्ने बानी बसालेको छु। नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका वेभसाईट हेर्ने बानीको पनि विकास भएको छ। जसले सूचनामा आवधिक गर्न र राम्रा प्रयोगात्मक कार्यहरूको सिकाई गर्ने पद्धतिको विकास भएको छ।

स्थापना कालको छोटो समयमा पनि विभिन्न चुनौतीका माझ सेवाकालीन तालिम संचालन गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक श्री मोति प्रसाद शर्मा तथा प्रदेश तथा स्थानीय शासन विज्ञको टोलीलाई धन्यवाद दिन चाहन्छु।

## मामिला अध्ययन-२
## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण

### सुनिल स्मृति गाउँपालिका

**परिचय:** प्रदेश प्रशिक्षण प्रतिष्ठानले यस आ व मा ५१ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नको लागि सहयोग गरेको थियो । सुनिल स्मृति गाउँपालिका पनि ५१ मध्येको एक स्थानीय तह हो जसमा लै.स.सा.स. परीक्षण गरिएको थियो । लै.स.सा.स. परीक्षणको मूख्य उद्देश्य लै.स.सा.स मूलप्रवाहीकरणका लागि स्थानीय सरकारले लिएका नीति, कार्यक्रम, बजेट, आयोजना, काम गर्ने वातावरण, कार्य संस्कृतिको संस्थागत अवस्था परिक्षण गरी लै.स.सा.स.लाई संस्थागत रूपमा सबल र सक्षम बनाउन सहयोग पुर्‍याउनु हो । यसका साथै स्थानीय तहको लै.स.सा.स भए/नभएको, लै.स.सा.स आन्तरिकरणका लागि गरिएका प्रयास र प्रतिवद्धताको मूल्यांकन गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई स्थानीय तहमा संस्थागत गर्न आवश्यक सुझावहरू सिफारिस गर्नु रहेको छ ।

**कार्यक्रम भन्दा अगाडिको अवस्था:** सुनिल स्मृति गाउँपालिकाले लै.स.सा.स. परीक्षणमा ६४.५ अंक प्राप्त गरेको थियो । परीक्षणभन्दा अगाडि पनि महिला तथा अन्य बन्चितिकरणमा परेका समुदायहरूलाई लक्षित गरी विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको थियो । तर आफ्ना नीति, कार्यक्रम, संस्थागत व्यवस्था, मानवीय स्रोत, क्षमता विकास, शुसासन, उत्तरदायित्व र सेवाप्रवाह लै.स.सा.स.उत्तरदायि तथा संवेदनशील छन् कि छैनन् भनेर त्यसको लेखाजोखा गर्ने काम भएको थिएन ।

**गाउँपालिकामा संचालन गरिएको कार्यक्रमहरू:** सुनिल स्मृति गाउँपालिकामा यो आ. व. मा २ दिने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण तालिम र लै.स.सा.स परीक्षण कार्य सम्पन्न गरिएको छ । लै.स.सा.स. परीक्षण निर्देशिका २०७७ अनुसार लै.स.सा.स. परीक्षण गरिएको थियो । परीक्षणको लागि सबैभन्दा पहिले ५ सदस्सीय लै.स.सा.स कार्यदल गठन गरिएको थियो । कार्यदलको सहयोगमा पालिकाको नीति तथा कार्यक्रम सम्बन्धि दस्ताबेजहरू संकलन गरी लै.स.सा.स.को दृष्टिकोणले मुल्याङ्कन गरिएको थियो । त्यसपछि लै.स.सा.स. परीक्षणको अवधारणा र महत्वको बारेमा अभिमुखिकरण गरिएको थियो । लै.स.सा.स. परीक्षण निर्देशिका २०७७ मा उल्लेख भएका ५ वटा मूल विषय, २२ वटा सहायक विषय अन्तर्गत रहेका १०० वटा सूचकका आधारमा अंक प्रदान गरिएको थियो । परीक्षणमा प्राप्त नतिजा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| विषय शीर्षक | पूर्णाङ्क | प्राप्त अंक |
|---|---|---|
| नीति, कानुन, योजना | २० | १३.५ |
| संस्थागत व्यवस्था | २० | १३.५ |
| मानव संसाधन तथा क्षमता विकास | २० | १२ |
| सेवा प्रवाह | २० | १५ |
| सुशासन तथा उत्तरदायित्व | २० | १०.५ |
| **जम्मा** | १०० | ६४.५ |

यसका साथै लै.स.सा.स.का सबल पक्ष, सुधार गर्नुपर्ने पक्ष, अवसर र चुनौती विश्लेषण गरिएको थियो । प्राप्त नतिजा र अवस्था विश्लेषण आधारमा पालिकाको लै.स.सा.स विकास कार्ययोजना निर्माण गरिएको थियो । उक्त कार्ययोजनामा निम्न कुराहरू समेटिएका थिए ।

- पालिकाको लै.स.सा.स. नीति तयार गर्ने र लै.स.सा.स डेक्स स्थापना गर्ने ।
- लै.स.सा.स. खण्डीकृत तथ्याँक संकलन, व्यवस्थापन र प्रयोग ।
- लै.स.सा.स., लैङ्गिक उत्तरदायि बजेट, लैङ्गिक हिंसाको विषयमा जनप्रतिनिधि, कर्मचारी, महिला तथा बन्चितिकरणमा परेका समुदायको क्षमता विकास गर्ने ।
- कार्यस्थलमा हुने यौन दुर्व्यवहार न्यूनिकरणका लागि आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्ने ।
- लैङ्गिक हिंसा रहित पालिका घोषणाको लागि कार्ययोजना निर्माण ।
- लै.स.सा.स. एवं अपांगमैत्री भौतिक संरचना, महिला र पुरुषको लागि छुट्टै शौचालय, स्तनपान कक्षको व्यवस्था गर्ने ।
- सूचना प्रविधिमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको पहुँच वृद्धि गर्ने ।

**परिवर्तन:** भर्खर मात्र कार्यक्रम सम्पन्न भएकाले कार्यक्रमको प्रभाव र परिणामका लागि केही समय लागेता पनि पालिकाले लै.स.सा.स. विकास कार्ययोजना कार्यान्वयनका लागि केही राम्रा कामहरू सुरुवात गरिसकेको छ । पालिकाको आफ्नै पहलमा लै.स.सा.स. नीति निर्माणको कार्य शुरु भईसकेको छ । कार्ययोजनामा राखीएका धेरैजसो क्रियाकलापहरू आ.ब. २०७८-७९ को कार्यक्रम तथा बजेटमा समावेश गरिएको छ जुन निम्नानुसार रहेको छ ।

| क्र.स. | क्रियाकलाप | विनियोजित बजेट |
|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने | १००,००० |
| २ | लै.स.सा.स.सम्पर्क व्यक्तिलाई तालिम | ५००,०० |
| ३ | छोरी बचाऊ छोरी पढाऊ अभियान | ३००,००० |
| ४ | महिला, सञ्जाल, सहकारीहरू तथा सरोकारवालाहरू बीच लैङ्गिक हिंसा, बालबिवाह, जातिय छुवाछुत जस्ता विषयहरूमा चौमासिक छलफल तथा समीक्षा | १२०,००० |
| ५ | महिलाहरूको लागि सीप विकास तालिम | ४२०,००० |
| ६ | महिलाहरूको लागि आधारभुत कम्प्युटर तालिम | १००,००० |
| ७ | लैङ्गिक हिंसा अन्त्यका लागि पुरुषहरूको भुमिका सम्बन्धि अन्तरक्रिया | १००,००० |
| ८ | लैङ्गिक हिंसा निवारण कोष वृद्धि | २००,००० |
| ९ | जनप्रतिनिधि तथा कर्मचारीलाई लैङ्गिक उत्तरदायि बजेट, लै.स.सा.स. तथा अन्य कानुनी प्रावधान सम्बन्धि तालिम | १५०,००० |
| १० | बालबिवाह मुक्त टोल तथा वडा घोषणा | २००,००० |
| ११ | बाल संरक्षण कोष स्थापना तथा संचालन | २००,००० |
| १२ | बालमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रम | ५००,००० |
| १३ | ज्येष्ठ नागरिक सम्बन्धि कार्यक्रम | ८००,००० |
| १४ | अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित विविध कार्यक्रम | ४००,००० |
| १५ | दलित महिलाको आयआर्जन वृद्धि कार्यक्रम | ३००,००० |
| १६ | दलित समुदायको शसक्तिकरण र विकासको लागि विविध कार्यक्रम | २००,००० |

**नीतिसँगको तादम्यता:** नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था, लै.स.सा. स सम्बन्धि नेपाल सरकारको विभिन्न नीतिहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका लै.स.सा.स.का प्रावधानहरू र नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लै.स.सा.स. मा गरेका प्रतिवद्धताहरू पूरा गर्नका लागि यो क्रियाकलापले सहयोग गर्दछ ।

**प्रमाणहरू**

"यो एकदमै राम्रो कार्यक्रम रहेछ, यदि यो पहिलेनै गर्न सकेको भए हाम्रो गाउँपालिका लै.स.सा.स.मा थप उत्तरदायी र संवेदनशील भएको हुने थियो।" **गुणेन्द्र घर्ती, अध्यक्ष सुनिल स्मृति गाउँपालिका**







"हामीले हाम्रो पालिकाको लै.स.सा.स.मा सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतिहरू के-के छन् भनेर लै.स.सा.स परीक्षण मार्फत थाहा पायौ र लै.स.सा.स. विकास कार्ययोजना पनि निर्माण गरेका छौ । पालिकाको सामाजिक विकास समिति र सबै शाखाहरू यो कार्ययोजना कार्यान्वयन गर्नका लागि प्रतिवद्ध छौ र कार्यान्वयनको सुरूवातमा छौ ।" पालिकाको लै.स.सा.स. नीति निर्माण भईरहेको छ । भगवती बुढा, लै.स.सा.स. सम्पर्क व्यक्ति

# स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन
# हाम्रा अनुभवहरू



संयोजकः जिल्ला समन्वय समिति, गुल्मी

नेपालको संविधानमा व्यवस्था भएको राज्यशक्तिको बाँडफाँड अनुसार स्थानीय तहलाई पनि व्यवस्थापिकीय, कार्यपालिकीय र न्यायीक अधिकार प्रदान गरी शक्ति सम्पन्न गरेको हुनाले स्थानीय तहले आफ्नो संवैधानिक जिम्मेवारी पूरा गर्न सक्षम रहे नरहेको कुरा सुनिश्चित गर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि ऐन २०७६ लगायतका अन्य सम्बन्धित कानुनले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय तह आफैले निर्माण गरेका कानुन समेतको परिपालना र कार्यान्वयनका सम्बन्धमा लेखाजोखा गरी सबल एवं दुर्वल पक्षहरूको नियमित रूपमा विश्लेषण गर्न आवश्यक रहेको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ तयार पारेको छ । यो कार्यविधिको कार्यान्वयनले स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धीहरूको बारेमा लेखाजोखा गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न सूचकहरू तर्जुमा गरी प्रतिष्पर्धात्मक रूपमा गराइ स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन सहयोग पुग्ने कुराको अपेक्षा गरिएको छ ।



स्वतन्त्र विज्ञ

यस कार्यविधिले निर्दिष्ट गरेका दश वटा विषयगत क्षेत्र तथा सय वटा सूचकहरूमा आधारित स्थानीय तहको स्वमूल्याङ्कनको नतिजा प्राप्त गर्ने लक्ष्य लिएर लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँकेको आर्थिक तथा प्राविधिक सहयोगमा यस प्रदेशका सबै पालिकाहरूमा र सहजिकरण तथा स्वमूल्याङ्कन कार्यशालाको आयोजना गरिएको हो । स्वमूल्याङ्कनबाट प्राप्त नतिजाको आधारमा सबै पालिकाहरूमा विकास तथा सुशासनमा रहेका कमिकमजोरीहरूको बारेमा जानकारी भैसकेपछि पालिकाको संस्थागत क्षमता विकास गर्न आवश्यक पर्ने क्रियाकलापहरूको कार्ययोजना समेत तयार भइसकेको अवस्था छ ।

यस कार्यविधिको कार्यान्वयनले गर्दा पालिकाहरूलाई आफ्ना सबल र दुर्वल पक्षको पहिचान गर्न, विकास र सुशासनमा रहेका कमि कमजोरीहरूको पहिचान गर्न र साथै आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूको जानकारी गर्न, संस्थागत क्षमता विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान हुन गई क्षमता विकास योजनाको आवश्यकता रहेको कुरा अनुभूत गर्न, विषय क्षेत्र केन्द्रित स्पष्ट नीति, कार्यविधि र कार्ययोजना

तथा अन्य आवश्यक कानुनहरू हुनुपर्ने कुरा जानकारी गर्न, आवश्यकतानुसार गुरूयोजनाहरू, आवधिक योजना तथा वार्षिक योजना तयार गरेर मात्र विकासका योजना र कार्यक्रमलाई अगाडि बढाउनु पर्ने कुराको जानकारी हुनुका साथै पालिकाहरूले सम्पादन गरेका कार्यहरूको समीक्षा र प्राप्त नतिजाहरूको नियमित सार्वजनिकीकरण तथा प्रतिवेदन दिनुपर्ने सम्बन्धमा स्पष्टता भएको छ ।

यद्यपि यस कार्यविधिमा बस्तु तथा सेवा खरिद प्रक्रियाका बारेमा सूचकहरूको अभाव, नगरपालिका तथा गाउँपालिकाहरूको श्रेणी बिभाजन गरि सोही मुताविक सूचकहरूमा बिशिष्ठता गरिएमा मूल्याङ्कन प्रभावकारी हुने कुरा कार्यशालाका सहभागीहरूबाट ब्यक्त भएका छन् ।

यस कार्यबिधिको प्रभावकारिता बढाउनका लागी पालिकाका सूचना अधिकृतहरुलाई यस्का प्राविधिक पाटोमा समयमै प्रयाप्त दक्षता हासिल गराउने, वस्तु तथा सेवा खरिद प्रक्रियाका बारेमा सूचकहरू थप्ने, हिमाल, पहाड र तराइ जस्तो भूभाग तथा आर्थिक श्रोतहरूमा विविधता भएको मुलुकमा ७५३ वटै स्थानीय तहलाई एउटै खाले सूचकहरूबाट नहेरी वर्गीकृत गरिनु उपयुक्त हुने, नगरपालिका तथा गाउँपालिकाका लागि केही सूचकहरूमा विशिष्ठता हुँदा मूल्याङ्कन प्रभावकारी बन्ने, कृषिप्रधान मुलुकमा कृषि र पशुपालन क्षेत्रमा राखिएका सूचकहरू र स्वास्थ्य क्षेत्रको सूचक अत्यन्त कम भएकोले यसको मूल्याङ्कनको लागि सूचकहरू बढाई सोही अनुसार अंक बढाउनु पर्ने देखिन्छ । स्थानीय तहले विकास गरेका आन्तरिक पर्यटनको क्षेत्र र असल अभ्यासको लागि पनि सूचकहरूको व्यवस्था भएमा यस क्षेत्रमा अग्रसर पालिकाहरूलाई थप प्रोत्साहन मिल्ने छ ।

यो कार्यविधिले स्वमूल्याङ्कनबाट पहिचान भएका कमजोरीहरूका लागि अब के गर्नु पर्दछ भन्ने कुरामा समेत निर्देशित गरेमा सोहीअनुरूप पालिकाहरूलाई आगामी कार्यहरू तय गर्न सहज हुन आउनेछ ।

यसका अतिरिक्त कार्यविधिमा समावेश भएका सूचक तथा प्रमाणीकरणका आधारहरूलाई अनुभवका अधारमा परिमार्जन गर्दै जान संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अग्रसरता लिने कुरामा दुईमत नहोला । यस्को लागि केही स्वतन्त्र विज्ञ, प्रमुख प्रशासकीय अधिकृत तथा स्वमूल्यांकनमा संलग्न जिल्ला समन्वय अधिकारीहरूको सहभागीतामा स्वमूल्यांकनका विविध पक्षका बारेमा समीक्षा गोष्ठी उपलब्धिपूर्ण हुने देखिन्छ ।

पालिकाहरूमा क्षमता विकासका दीर्घकालीन योजना र ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका र स्थानीय कानुन निर्माणको लागि स्थानीय तहमा विज्ञ टिमको अभाव देखिएको हुँदा स्थानीय तहहरूले बाह्य सहयोगको अपेक्षा गर्नु स्वभाविक हुन आउँछ ।

कार्यविधिमा तोकिएका प्रमाणका आधारहरू मिहीन तरिकाले खोज्ने तथा अगामी कार्य योजनामा बृहत छलफल गर्ने हो भने ४ दिनको समय अप्रयाप्त हुने रहेछ ।

कार्यविधिले निर्दिष्ट गरे अनुसार कार्यशाला संचालन गरिए पश्चात सम्बन्धित पालिकाहरूले कार्यान्वयनमा ल्याउनु आवश्यक कार्यहरूमा स्थानीय तह संस्थागत स्वमूल्याङ्कनबाट पहिचान भएका सबल र दुर्वल पक्षहरूको समीक्षा गरी सुधारका कार्ययोजनाहरू कार्यान्वयनको लागि कृयाशील रहने, वार्षिक योजना र कार्यक्रमहरू सञ्चालन गर्दा स्पष्ट नीति, कार्यविधि, मापदण्ड र कार्ययोजना बनाएर गर्नुपर्ने, बिभिन्न विषयगत क्षेत्रहरूका लागि दीर्घकालीन योजना तथा गुरूयोजनाको निर्माणको लागि व्यवस्था मिलाउने, पालिकाको क्षमता विकासको लागि योजना तयार गर्ने र जनशक्तिको क्षमता विकासमा लगानी बढाउने, पालिकाको आन्तरिक आयश्रोतका क्षेत्रहरू पहिचान गरी राजश्व संकलनको दायरा बढाउने, सामाजिक समावेशिकरणको लागि स्पष्ट नीति, कार्यविधि, योजना तथा कार्यक्रम बनाएर कार्यान्वयन गर्ने, कानुन तथा नीति बनाई टोल विकास संस्थाहरूको गठन तथा उनीहरूलाई कृयाशील बनाई आवश्यक कार्यक्षेत्रहरूमा परिचालन गर्ने, जोखिम ग्रस्त क्षेत्रहरूको पहिचान र नक्सांकनको तयारीमा ध्यान दिनुपर्ने, दिगो विकासको लक्षलाई स्थानीयकरणको लागि स्पष्ट आवधिक लक्ष्यहरू निर्धारण गरी अगाडि बढ्नुपर्ने, पालिकाले गरेका कार्यहरूको अभिलेखिकरण तथा सार्वजनिकरणको व्यवस्थालाई नियमित र चुस्त दुरुस्त बनाउन विषयगत शाखाका मुख्य कर्मचारीलाई जिम्मेवार र उत्तरदायि बनाउने तथा अभिप्रेरित गर्ने जस्ता कुराहरू देखिएका छन् ।

पालिकाहरूमा स्वमूल्याङ्कन कार्यशालाले पत्ता लगाएका कार्यक्रमहरूलाई कार्ययोजनामा समावेश गर्ने तथा अगामी दिनमा कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत गरी पालिकाका बैठकबाट परित समेत गरिएका छन्।

समग्रमा; प्रभावकारी कार्यान्वयन भएबाट यो कार्यविधि स्थानीय तहहरूको संस्थागत क्षमता वृद्धिमा सहयोगी हुने देखिन्छ ।

**लेखक दुबै जनाले गुल्मीका अन्य पालिकाका अतिरिक्त मुसिकोट नगरपालिका र कालीगण्डकी गाउँपालिकामा भने सँगै रहेर उक्त कार्यशाला संचालन गर्नु भएको हो ।*

## ६.2 अध्ययन, अनसुन्धान र प्रकाशनको व्यवस्था

यस आ.व. २०७७/०७८ मा भित्ते पात्रो र टेबल क्यालेण्डर प्रकाशन गरी वितरण गरिएको थियो। साथै प्रतिष्ठानको परिचय झल्किने ब्रुसर प्रकाशन गरिएको छ।




तस्बिरः टेबल क्यालेण्डर





परिचय

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी एवं निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र कार्यसम्पादनमा सुधार, प्रदेश सरकारका कार्यक्रम कार्यान्वयनमा सहजिकरण, प्रदेशअन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले 'प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७' बमोजिम एक अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित संस्थाको रूपमा लुम्बिनी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो ।

प्रमुखतः प्रदेश र स्थानीय तहका निर्वाचित, मनोनीत तथा नियुक्त पदाधिकारी र सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि एवं कार्यसम्पादनमा सुधार तथा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानहरूको संस्थागत सुधार गर्ने अभिप्रायले "प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य संचालन) आदेश २०७७ (वि.सं.)" बमोजिम स्थापित एउटा अविच्छिन्न, उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना वि.सं. २०७७ सालमा भएको हो ।

यस प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहहरूको संस्थागत तथा मानव स्रोत विकासका लागि संयोजन, तालिमहरू प्रदान तथा सहजीकरण गर्नुका साथै स्तरीय पाठ्यक्रम र सामग्रीहरू निर्माण गर्ने, प्रमाणमा आधारित विषयगत-कार्यगत अनुसन्धान गर्ने र संघियता तथा स्थानीय शासनसँग सम्बन्धित सवालहरूमा बहस तथा पैरवी गर्ने 'उत्कृष्टताको केन्द्र' (Center of Excellence) को रूपमा यो प्रतिष्ठानले आफ्ना कार्यक्रमहरू संचालन गर्नेछ ।

प्रतिष्ठानको प्रशिक्षणसम्बन्धी कार्यलाई प्रभावकारी संचालन एवं मार्गदर्शन गर्न प्रदेश सरकारका मुख्यमन्त्रीको अध्यक्षतामा १० सदस्यीय "प्रशिक्षण परिषद्" गठनको व्यवस्था गरिएको छ । साथै प्रतिष्ठानको उद्देश्यअनुरूप प्रशिक्षण तथा अन्य कार्यहरूलाई सुव्यवस्थित रूपले संचालन गर्न/गराउन प्रतिष्ठानका कार्यकारी निर्देशकको अध्यक्षतामा ३ सदस्यीय "कार्यकारी समिति" गठनको व्यवस्था गरिएको छ ।

प्रदेश प्रशिक्षण प्रतिष्ठानले लुम्बिनी प्रदेशका प्रदेशस्थित मन्त्रालयहरू, अन्य प्रादेशिक कार्यालयहरू तथा स्थानीय तहहरूमा प्रदेश तथा स्थानीय सरकारको सुशासन कायम गर्दै नागरिकलाई कुशलतापूर्वक प्रभावकारी सेवा प्रवाह गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्यका साथ आ.व. २०७७/७८ देखि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयन गरेको छ ।

प्रतिष्ठानले गर्ने प्रमुख कार्यहरू

- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरू, मनोनीत/नियुक्त पदाधिकारीहरू तथा कर्मचारीहरूका लागि क्षमता विकासका कार्यक्रमहरू संचालनः यसअन्तर्गत मागमा आधारित तथा आपूर्तिमा आधारित नागरिकलाई प्रभावकारी सेवा प्रदान गर्ने, योजना निर्माण तथा कार्यान्वयन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सुशासन तथा जवाफदेहिता तथा प्रभावकारी कार्यसम्पादनमा सहयोग पुग्ने किसिमका विभिन्न प्रशिक्षण, अभिमुखीकरण, कोचिङ् तथा मेन्टरिङहरू आयोजना तथा संचालन गर्ने । साथै कर्मचारीहरूको लागि सेवा प्रवेश तथा सेवाकालीन प्रशिक्षणहरू पनि संचालन गर्दछ ।
- सवालमा आधारित बहस र पैरवीः सुशासन, जवाफदेहिता, प्रभावकारी सेवा प्रवाह, वित्त व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, प्रभावकारी योजना तथा बजेट निर्माणका साथै प्रदेश तथा स्थानीय तहहरूको समग्र संस्थागत प्रणाली सुधार गर्ने जस्ता सवालहरूमा बहस तथा पैरवी गर्ने ।
- आवश्यकतामा आधारित परामर्श सेवाहरूः विषयगत दक्षताका आधारमा, स्थानीय तहहरूलाई आवश्यक मागमा आधारित परामर्श सेवाहरू प्रदान गर्ने ।
- ज्ञान व्यवस्थापनः सिकाई तथा अनुभवहरूको दस्तावेजीकरण, आदानप्रदान गर्ने ।
- समस्याकेन्द्रित नवीनतम् कार्यक्रमसम्बन्धी अनुसन्धानहरूः विषयगत अनुसन्धानहरू
- स्थानीय सरकारको पद्दति विकास/क्षमता विकासमा सहयोग गर्ने

तस्बिरः ब्रुसर




भित्ते पात्रो

## परिच्छेद - छ

## निष्कर्ष तथा आगामी कार्यदिशा

### निष्कर्ष

मानव संसाधन विकासमा गरिएको लगानी खर्च नभएर "लगानी" नै हो।हामिहरूले प्रतिफलको अपेक्षा गर्छौं भने लगानी पनि गर्नु पर्ने हुन्छ । साथै मानव संसाधन विकास कुनै पनि संस्था वा सिङ्गै देशको निम्ति विकासको अभिन्न आयामको रूपमा रहेको हुन्छ। नागरिकहरूलाई प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह गर्नु राज्यका निकायहरूको प्रमुख कर्तव्य हुन आउँछ । राज्यका प्रणाली तथा त्यहाँ रहेको मानव संसाधन सेवा प्रवाहको लागि सक्षम छ भने मात्र नागरिकको गुणस्तरीय तथा प्रभावकारी सेवाको आकांक्षा पूरा हुन सक्दछ। नेपालको वर्तमान अवस्थामा प्रदेश तथा स्थानीय तहको क्षमता विकास गर्न सहयोग पुर्‍याउने उद्देश्यले स्थापना भएको यस प्रतिष्ठानले स्थापनाको प्रथम वर्षमा प्रदेश तथा स्थानीय तहमा आफ्ना कार्यक्रमहरू संचालन गर्न सफल रहेको छ।

विषेशतः प्रदेश प्रशिक्षण प्रतिष्ठान अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका केही कार्यक्रमहरू १०९ वटै स्थानीय तहमा र केही कार्यक्रमहरू केही (छनोट गरिएका) स्थानीय तहहरूमा संचालन गर्न सकियो।स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यांकन १०९ वटै स्थानीय तहमा अभियानकै रूपमा संचालन भए भने लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाजिकरण तालिम १०३ स्थानीय तहहरूमा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण ५१ वटा स्थानीय तहमा संचालग गर्न सकियो भने अन्य कार्यक्रमहरुबाट पनि धेरैजसो स्थानीय तहहरू लाभान्वित हुन सकेका छन् ।

कोरोना महामारीको जोखिम रहेको वर्तमान अवस्थामा स्थापनाको प्रथम वर्षमा कमजोर भौतिक तथा न्यून मानव संसाधनको उपलब्धता रहेको अवस्थामा पनि प्रतिष्ठानले आफ्नो आन्तरिक भौतिक पूर्वाधारमा सुधार गर्दै प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूलाई सेवाकालीन तथा सेवा प्रवेश तालिमका साथै स्थानीय तहका ३,५०० भन्दा बढि जनप्रतिनिधि र कर्मचारीहरूलाई प्रशिक्षण तथा अभिमूखिकरण कार्यक्रमहरूमा सहभागी गराउन तथा संस्थागत विकासमा कार्यक्रममा सहयोग गर्न सफल भएको छ।

## आगामी कार्यदिशा

आगामी दिनमा प्रतिष्ठानले आफ्नो स्पष्ट रणनीति तयार गरी सो रणनीति अनुसार आफ्नो आन्तरिक विकास तथा सेवा (कार्यक्रमहरू) लाई समायानुकूल अझै प्रभावकारी बनाउदै लैजानु पर्नेछ। यसका लागि आवश्यक पूर्वाधारको निर्माण, उपकरणहरू तथा सिकाई सामाग्रीबाट सुविधा सम्पन्न बनाएर भविष्यमा राष्ट्रिय स्तरको प्रशिक्षण तथा अध्ययन केन्द्रको रूपमा विकसित गर्दै लैजाने कुरामा ध्यान केन्द्रित गर्नु पर्नेछ।साथै प्रतिष्ठानलाई **बिभिन्न** आवाशीय कार्यक्रमहरू संचालन गर्न आवश्यक पूर्वाधारको सुधार तथा निर्माण गरी आन्तरिक आम्दानी गर्दै जाने रणनीति अवलम्वन गरी प्रतिष्ठानलाई आतमनिर्भरता तर्फ लैजाने कार्य गर्न जरूरी छ । जसका लागि स्पष्ट रणनीतिक तथा व्यवसायिक योजना र कार्यविधि निर्माण गर्नु पर्ने देखिन्छ।

प्रशिक्षण तथा सिकाई कार्यहरूलाई प्रभावकारी बनाउन प्रतिष्ठानमा डिजिटल ल्यावको स्थापना गरी प्रतिष्ठानमा सूचना प्रविधिमैत्री सिकाईलाई प्रवर्धन गर्दै लैजाने रहेको छ। यसका लागि सरोकारवालाहरूसँग आवश्यक सहकार्य तथा समन्वय गर्दै अगाडि बढाईनेछ।

प्रतिष्ठानको प्रमुख उद्देश्य गुणस्तरीय प्रशिक्षणहरू संचालन गर्ने रहेकोले सान्दर्भिक तथा आवश्यकतामा आधारित पाठ्यक्रम तथा सिकाई सामग्रीहरूको विकास गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। र प्रतिष्ठानमा संघ तथा प्रदेशबाट प्राप्त हुने बजेट तथा कार्यक्रमलाई उचित समयमानै सम्पन्न गर्न कार्यक्रम कार्यान्वयन समय सारणि बनाई कार्यान्वयन गरिनेछ। जसले गर्दा योजनाले पूर्णरूपमा प्रतिफल प्रदान गर्न सकोस्।

# अनसूचीहरू

## अनसूची –१ प्रशासनिक संगठन संरचना

प्रदेश सरकार
लुम्बिनी प्रदेश
**प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**नेपालगञ्ज, बाँके**

**प्रदेश प्रशिक्षण प्रतिष्ठानको संगठन संरचना**



## अनसूची –2 कर्मचारी दरबन्दी

| पद | श्रेणी वा तह | कुल स्वीकृत दरबन्दी | हाल कार्यरत दरबन्दी | | | कूल रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | करार | | |
| कार्यकारी निर्देशक | राजपत्रांकित प्रथम श्रेणी | १ | | १ | | ० | |
| प्रशासकीय प्रमुख | सातौं/आठौं | १ | | | | १ | |
| सूचना प्रविधि अधिकृत | सातौं/आठौं | १ | | | १ | ० | |
| प्रशासन (योजना तथा कार्यक्रम) शाखा | पाँचौं/छैठौं | २ | १ | | १ | ० | |
| आर्थिक प्रशासन शाखा | पाँचौं/छैठौं | १ | १ | | | ० | |
| प्रशासन (कम्प्युटर अपरेटर) | पाँचौं/छैठौं | १ | | १ | | ० | |
| ह.स.चा / कार्यालय सहयोगी | - | ३ | | ३ | | ० | |
| **जम्मा** | | १० | ३ | ५ | २ | १ | |

## अनसूची– ३ प्रदेश प्रशिक्षण प्रतिष्ठानमा कार्यरत कर्मचारीको नामावली

| क्र.सं. | नाम | पद | ठेगााना | मोबाईल नं. | ईमेल |
|---|---|---|---|---|---|
| 1 | मोति प्रसाद शर्मा | कार्यकारी निर्देशक | काठमाडौं | 9851143525 | moti.psharma@gmail.com |
| 2 | भुवन कुमार के.सी | अधिकृत लेखा | नेपालगंज | 9858027888 | bhuvankc7@gmail.com |
| 3 | कृष्ण बहादुर विष्ट | अधिकृत छै | कोहलपुर | 9848022634 | krishnabista82@gmail.com |
| 4 | विवेचन खनाल | सूचना प्रविधि अधिकृत | दाङ | 9851206153 | bibechan.khanal@gmail.com |
| 5 | महेश आचार्य | अपरेटर | जुम्ला | 9866478823 | jumlamahesh@gmail.com |
| 6 | टेक नारायण ढकाल | अपरेटर | बुटवल | 9843742580 | dhakalnarayan62@gmail.com |
| 7 | हरि बहादुर विष्ट | कार्यालय सहयोगी | दैलेख | 9868327779 | |
| 8 | जोखन कोरी | कार्यालय सहयोगी | भैनियापुर ने.ग | 9842669569 | |
| 9 | मुरली प्रसाद कोरी | कार्यालय सहयोगी | भैनियापुर ने.ग | 9848253311 | |

| | | | | | |
|---|---|---|---|---|---|
| 10 | सुरेश थारु | कार्यालय सहयोगी | बांसगडी बर्दिया | 9815523592 | |
| 11 | संजय चौधरी | कार्यालय सहयोगी | बढैया ताल बर्दिया | 9848218519 | |
| 12 | दिलजंग शाह | सुरक्षा गार्ड | खजुरा | 9868162626 | |
| 13 | श्याम चौधरी | सुरक्षा गार्ड | कोहलपुर | 9812522608 | |
| 14 | महेश कुमार धोबी | सुरक्षा गार्ड | बालेगाउँ | 9815544083 | |

## प्रतिष्ठानमा कार्यरत TA Team का कर्मचारीहरू :-

| क्र.सं. | नाम | पद | ठेगाना | मोबाईल नं. | ईमेल |
|---|---|---|---|---|---|
| 1 | प्रेम नारायण श्रेष्ठ | स्थानीय शासन विज्ञ | काठमाडौं | 9857831906 | prem@plgsp.gov.np; premshrstha@gmail.com |
| 2 | गोपाल गैरे | क्षमता विकास विज्ञ | नवलपरासी | 9851236631 | gopal.gaire@plgsp.gov.np; gopalgaire1@gmail.com |
| 3 | बिष्णु न्यौपाने | पाठ्यक्रम विकास विज्ञ | काठमाडौं | 9851156463 | bishnu@plgsp.gov.np; bish-nuneupane.bn@gmail.com |
| 4 | नरमाया सुनार | लै.स.सा.स विज्ञ | कपिलवस्तु | 9847440535 | narmaya@plgsp.gov.np; nar-mayasunar12@gmail.com |
| 5 | दिपालिशा रामदाम | कार्यक्रम सहाएक | खजुरा बजार | 9841457003 | deepa@plgsp.gov.np; deep-alisha@gmail.com |
| 6 | राजन चापागाई | चालक | काठमाण्डौ | 9851225610 | rajanchapa7@gmail.com |
| 7 | धनीराम चौधरी | कार्यालय सहयोही | राप्ती सोनारी | 9848044530 | |

## अनसूची– 4 प्रतिष्ठानको वित्तीय विवरण

**बजेट मुल शीर्षकन.:** मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (संघ शसर्त अनुदान) ३०१००१२०३ (प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम) — म.ले.प.फा. नं २४

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | संशोधन/रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | | | | |
| २११११ | १.१..४२ पोशाक | संघ | १२००००.०० | ०.०० | १२००००.०० | ०.०० | ०.०० | १२००००.०० |
| २११११ | १.१..४१ तलव | संघ | ५१७७०००.०० | ०.०० | ५१७७०००.०० | १३५४८५६.४० | १३५४८५६.४० | ३८२२१४३.६० |
| २११११ | १.१..४० महंगी भत्ता | संघ | २८८०००.०० | ०.०० | २८८०००.०० | ०.०० | ०.०० | २८८०००.०० |
| २११२१ | १.३.१.२ करार कर्मचारीको लागि पोशाक | संघ | ५००००.०० | ०.०० | ५००००.०० | ३००००.०० | ३००००.०० | २००००.०० |
| २११३४ | १.२.४.६ बैठक भत्ता | संघ | ७५०००.०० | ०.०० | ७५०००.०० | ६२५००.०० | ६२५००.०० | १२५००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२१११ | २.१.१.३ धारा महशुल र पिउने पानी/बिजुली जडान तथा महशुल | संघ | २५००००.०० | ०.०० | २५००००.०० | २४९९७४.०० | २४९९७४.०० | २६.०० |
| २२११२ | २.१.७.१ इमेल/ इन्टरनेट/वेबसाईट महशुल | संघ | ३००००.०० | ०.०० | ३००००.०० | ३००००.०० | ३००००.०० | ०.०० |
| २२११२ | २.१.८.२ कर्मचारीको सुविधाको संचार खर्च (सेवा महसुल) | संघ | ३६०००.०० | ०.०० | ३६०००.०० | ३६०००.०० | ३६०००.०० | ०.०० |
| २२११२ | २.१.६.१ टेलीफोन महसुल | संघ | ३६०००.०० | ०.०० | ३६०००.०० | ३५७१४.०० | ३५७१४.०० | २८६.०० |
| २२११२ | २.२.२.७ दुई पांग्रे/चार पांग्रे सवारीसाधन डिजेल/पेट्रोल/ मोबिल आदि | संघ | १५००००.०० | ०.०० | १५००००.०० | १४९८८१.०० | १४९८८१.०० | ११९.०० |
| २२२१३ | २.३.१.६ सवारी साधन मर्मत | संघ | ८८०००.०० | ०.०० | ८८०००.०० | २७०१४.०० | २७०१४.०० | ६०९८६.०० |
| २२२१४ | २.९.२.३ सबै प्रकारका सवारीसाधनको बिमा तथा नवीकरण | संघ | ५००००.०० | ०.०० | ५००००.०० | ४०३६८.४० | ४०३६८.४० | ९६३१.६० |
| २२२२१ | २.३.२.६ मेशिनरी औजार मर्मत सम्भार | संघ | ४५०००.०० | ०.०० | ४५०००.०० | ०.०० | ०.०० | ४५०००.०० |
| २२२३१ | २.३.९.१ भवन (संचालन तथा मर्मत सम्भार) | संघ | ५०००००.०० | ०.०० | ५०००००.०० | ३२२८६०.०० | ३२२८६०.०० | १७७१४०.०० |
| २२३११ | २.४.१.१ कार्यालय मसलन्द सामान खर्च (कार्यालय सामान तथा सेवा) | संघ | २५००००.०० | ०.०० | २५००००.०० | २४१५६७.०० | २४१५६७.०० | ८४३३.०० |
| २२३१४ | २.२.३.८ इन्धन-अन्य प्रयोजन (इन्धन) | संघ | ६००००.०० | ०.०० | ६००००.०० | ९२९५.०० | ९२९५.०० | ५०७०५.०० |
| २२३१९ | २.४.१५.२/PCGG कार्यालय संचालन खर्च | संघ | ३८५०००.०० | ११७५००० | २६७५०००.०० | ११२६७५०.०० | ११२६७५०.०० | १५४८२५०.०० |
| २२४११ | २.५.२.३ विशेष परामर्श सेवा (विज्ञ सल्लाहकार सेवा) | संघ | ४५०००.०० | ०.०० | ४५०००.०० | ०.०० | ०.०० | ४५०००.०० |
| २२४१३ | २.५.८.७ सेवा करार (सेवा तथा परामर्श) | संघ | २१०००००.०० | ०.०० | २१०००००.०० | ४९८७४८.०० | ४९८७४८.०० | १६०१२५२.०० |
| २२५१२ | २.६.६.१० सिप विकास तथा जनचेतना तालिम गोष्ठी तथा कार्यशाला (तालिम तथा गोष्ठी) | संघ | ३३०००००.०० | ०.०० | ३३०००००.०० | ३३०००००.०० | ३३०००००.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२५२२ | २.७.२५.२३ स्थानीय तहको क्षमता विकास योजना तजुर्मा गर्ने | संघ | ६६०००००.०० | ०.०० | ६६०००००.०० | ५९१९६४५.०० | ५९१९६४५.०० | ६८०३५५.०० |
| २२५२२ | २.७.२५.२२ स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई MTEF तयारी सम्बन्धि अनुशिक्षण | संघ | ४३६००००.०० | ०.०० | ४३६००००.०० | ४३०००.०० | ४३०००.०० | ४३१७०००.०० |
| २२५२२ | २.७.२४.२१ PCGG/ स्थानीय तहमा उत्तरदायित्व विविधको प्रयोग (सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण, सामाजिक परिक्षण) गर्ने | संघ | ४३०००००.०० | ०.०० | ४३०००००.०० | ०.०० | ०.०० | ४३०००००.०० |
| २२५२२ | २.७.२५.२५ स्थानीय तहमा LISA संचालन गर्ने | संघ | २१८०००००.०० | ०.०० | २१८०००००.०० | ८७५०७९५.०० | ८७५०७९५.०० | १३०४९२०५.०० |
| २२५२२ | २.७.२५.१९ PCGG कार्यक्रम खर्च | संघ | ५१००००००.०० | ०.०० | ५१००००००.०० | २९५४८६२.५० | २९५४८६२.५० | ४८०४५१३७.५० |
| २२५२२ | २.७.२५.१८ स्थानीय तहमा GESI गृहप्रवाहिकरण गर्ने (प्रशिक्षण) | संघ | १०९०००००.०० | ०.०० | १०९०००००.०० | ९६७४५६३.७८ | ९६७४५६३.७८ | १२२५४३६.२२ |
| २२५२२ | २.७.२५.१७ स्थानीय तहमा आन्तरिक नियन्त्रण कार्यविधि लागुगर्ने प्राविधिक सहयोग (Coaching and monitoring) | संघ | ७०००००.०० | ०.०० | ७०००००.०० | ०.०० | ०.०० | ७०००००.०० |
| २२५२२ | २.७.२५.१५ स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्ययोजना तयार गर्ने | संघ | १२९०००००.०० | ०.०० | १२९०००००.०० | ९२७८४.०० | ९२७८४.०० | १२८०७२१६.०० |
| २२५२२ | २.७.२५.२४ स्थानीय तहमा GESI परिक्षण गर्ने | संघ | १०२०००००.०० | ०.०० | १०२०००००.०० | १०१७३८९२.०० | १०१७३८९२.०० | २६१०८.०० |
| २२५२२ | २.७.२५.२६ राजस्व परामर्श समितीका पदाधिकारीलाई अनुशिक्षण | संघ | ४३६००००.०० | ०.०० | ४३६००००.०० | ४३४७५१.०० | ४३४७५१.०० | ३९२५२४९.०० |
| २२५२२ | २.७.२५.२० स्थानीय तहको आवधिक योजना तर्जुमा गर्ने | संघ | २१००००००.०० | ०.०० | २१००००००.०० | १७३९०६३१.०० | १७३९०६३१.०० | ३६०९३६९.०० |
| २२६१२ | २.८.२.२ कार्यक्रम संचालन भ्रमण तथा सरुवा भ्रमण खर्च | संघ | २५००००.०० | ०.०० | २५००००.०० | २४९५९५.०० | २४९५९५.०० | ४०५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२७११ | २.९.९.१ अन्य विविध खर्च (अन्य) | संघ | १०००००.०० | ०.०० | १०००००.०० | ९७०२०.०० | ९७०२०.०० | २९८०.०० |
| | | | १६१५०५०००.०० | | १६३७९५०००.०० | ६३२९७०६७.०८ | ६३२९७०६७.०८ | १००४९७९३२.९२ |

**बजेट मुल शीर्षकन.:** मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय (संघ शसर्त अनुदान) [३०१००१२०४] (प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम)

म.ले.प.फा.नं २१४

| दातृ निकाय | खर्च संकेत | स्रोतको प्रकार | संशोधन/रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | | | | |
| ३११२१ | ११.३.२.३ सवारी साधन | संघ | 500,000.00 | ०.०० | ५०००००.०० | ४९१७९९ | ४९१७९९ | ८२०१.०० |
| ३११२२ | ११.३.७.१ कार्यालय संचालनसंग सम्बन्धि यन्त्र, उपकरण तथा मेशिन औजार | संघ | 375,000.00 | ०.०० | ३७५०००.०० | ३७५००० | ३७५०००.०० | ०.०० |
| ३११२२ | ११.३.७.३ प्रदेश सुशासन केन्द्रका लागिसवारी साधन बाहेकका मेशिनरी औजार खरिद | संघ | 1,100,000.00 | ०.०० | ११०००००.०० | १०९५८०४ | १०९५८०४.०० | ४१९६.०० |
| ३११२३ | ११.३.२४.१ फर्निचर खरिद | संघ | 700,000.00 | ०.०० | ७०००००.०० | ६८१४९९ | ६८१४९९.०० | १८५०१.०० |
| ३११३५ | ११.६.२२.१ भवन मर्मत संभार पुँजीगत | संघ | 50,000,000.00 | ४८०००००० | २००००००.०० | १७९०००० | १७९००००.०० | २१००००.०० |
| ३११६१ | ११.१.३.३ प्रदेश प्रशिक्षण प्रतिष्ठान परिसर भित्रका पुराना निर्मित संरचनाको मर्मत संभार | संघ | 48,000,000.00 | ०.०० | ४८००००००.०० | ४८५४२५ | ४८५४२५.०० | ४७५१४५७५.०० |
| | | | १००६७५०००.०० | ४८००००००.०० | ५२६७५०००.०० | ४९१९५२७ | ४९१९५२७.०० | ४७७५५४७३.०० |

**बजेट मुल शीर्षकन.:** मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय [३०१०००११४] (प्रदेश सरकारबाट प्राप्त अनुदान)

म.ले.प.फा.नं २१४

| दातृ निकाय | खर्च संकेत | स्रोतको | | संशोधन/रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रकार | भुक्तानी विधि | थप | घट | | | | |
| ३११२१ | ११.३.२.१ सवारी साधन | नेपाल सरकार | नगद | ५९००००० | ०.०० | ५९०००००.०० | ५६४२८०५ | ५६४२८०५ | २५७१९५.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३११२२ | ११.३.७.१ कार्यालय संचालनसंग सम्बन्धि यन्त्र, उपकरण तथा मेशिन औजार | नेपाल सरकार | नगद | ३७००००० | ०.०० | ३७०००००.०० | २९७५६३४ | २९७५६३४.०० | ७२४३६६.०० |
| ३११२३ | ११.३.२४.१ फर्निचर खरिद | नेपाल सरकार | नगद | ७०००००० | ०.०० | ७००००००.०० | ५९६०७०० | ५९६०७००.०० | १०३९३००.०० |
| ३११३४ | ११.६.३.१ कार्यालय संचालनको लागि | नेपाल सरकार | नगद | ३००००० | ०.०० | ३०००००.०० | २९८७३२ | २९८७३२.४५ | १२६७.५५ |
| ३११३५ | ११.६.२२.१ भवन मर्मत संभार पुँजीगत | नेपाल सरकार | नगद | १५००००० | ०.०० | १५०००००.०० | ० | ०.०० | १५०००००.०० |
| ३११५९ | ११.४.२२.१ अन्य सार्वजनिक निर्माण | नेपाल सरकार | नगद | १६००००० | ०.०० | १६०००००.०० | १०१२३२३ | १०१२३२३.०० | ५८७६७७.०० |
| ३११६१ | ११.५.४२.१ कार्यालय भवन/ तालीम भवनको संरचनात्मक सुधार | नेपाल सरकार | नगद | ५०००००० | ०.०० | ५००००००.०० | ४०१२५७२ | ४०१२५७१.९६ | ९८७४२८.०४ |
| जम्मा | | | | २५०००००००.०० | - | २५०००००००.०० | १९९०२७६६ | १९९०२७६६.४१ | ५०९७२३३.५९ |

| बजेट मुल शीर्षकन.: मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय [३०१०००११३] (प्रदेश सरकारबाट प्राप्त अनुदान) | | | | | | | | | म.ले.प.फा. नं २१४ |
|---|---|---|---|---|---|---|---|---|---|
| दातृ निकाय | खर्च संकेत | स्रोतको | | संशोधन/रकमान्तर/श्रोतान्तर बाट | | अन्तिम बजेट | निकासा | जम्मा खर्च | बाँकी बजेट |
| | | प्रकार | भुक्तानी विधि | थप | घट | | | | |
| २११११ | १.१.१.५ अधिकृतस्तर आठौं | नेपाल सरकार | नगद | ५६९००० | ०.०० | ५६९०००.०० | ० | ० | ५६९०००.०० |
| २११११ | १.१.१.३८ सहायकस्तर पाँचौं/ अधिकृतस्तर छैठौं | नेपाल सरकार | नगद | १००८००० | ०.०० | १००८०००.०० | ४०९३८३ | ४०९३८३ | ५९८६१७.०० |
| २१११२ | १.१.७.१३ प्रमुख कार्यकारी अधिकृत | नेपाल सरकार | नगद | ५०६००० | ०.०० | ५०६०००.०० | ४७३९५३ | ४७३९५३ | ३२०४७.०० |
| २११२१ | १.३.१.१ निजामती कर्मचारीहरूको पोशाक खर्च | नेपाल सरकार | नगद | ६०००० | ०.०० | ६००००.०० | ६०००० | ६०००० | ०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २११३२ | १.२.२.१ स्थायी कर्मचारीहरूको महंगी भत्ता | नेपाल सरकार | नगद | ८४००० | ०.०० | ८४०००.०० | ३८७३३ | ३८७३३ | ४५२६७.०० |
| २११३४ | १.२.४.७ कार्यकारी समिति र अन्य बैठक भत्ता | नेपाल सरकार | नगद | १५०००० | ०.०० | १५००००.०० | १२०००० | १२०००० | ३००००.०० |
| २११३४ | १.२.४.८ प्रशिक्षण परिषद् र अन्य बैठक भत्ता | नेपाल सरकार | नगद | १००००० | ०.०० | १०००००.०० | ० | ० | १०००००.०० |
| २११३४ | १.२.४.९ मूल्यांकन समिति बैठक भत्ता | नेपाल सरकार | नगद | १००००० | ०.०० | १०००००.०० | १४००० | १४००० | ८६०००.०० |
| २११३९ | १.२.९.१ कार्यालय समय बाहेक अतिरिक्त समय काम गरे बापतको खाना खाजा खर्च | नेपाल सरकार | नगद | ५०००० | ०.०० | ५००००.०० | ० | ० | ५००००.०० |
| २११४२ | १.७.१.१ पदाधिकारी अन्य सुविधा (अन्य सुविधा ) | नेपाल सरकार | नगद | २०००० | ०.०० | २००००.०० | ० | ० | २००००.०० |
| २१२१३ | १.६.४.१ स्थायी कर्मचारीको बिमाबापतको रकम | नेपाल सरकार | नगद | १९००० | ०.०० | १९०००.०० | ० | ० | १९०००.०० |
| २२१११ | २.१.२.१ विद्युत महशुल | नेपाल सरकार | नगद | ४५०००० | ०.०० | ४५००००.०० | २००००० | २००००० | २५००००.०० |
| २२१११ | २.१.१.१ धाराको महशुल | नेपाल सरकार | नगद | ७०००० | ०.०० | ७००००.०० | ० | ० | ७००००.०० |
| २२१११ | २.१.३.१ जारको पिउने पानी | नेपाल सरकार | नगद | १४३००० | ०.०० | १४३०००.०० | ० | ० | १४३०००.०० |
| २२११२ | २.१.६.५ टेलिफोन/इमेल/ इन्टरनेट/ वेबसाईट महशुल/ संचार/ हुलाक/ कुरियर/ सँचार सेवा जडान महशुल | नेपाल सरकार | नगद | २५०००० | ०.०० | २५००००.०० | ८१०४१ | ८१०४१ | १६८९५९.०० |
| २२२१२ | २.२.२.७ दुई पांग्रे/ चारपांग्रे सवारी साधन डिजेल/पेट्रोल/ मोबिल आदी | नेपाल सरकार | नगद | २४०००० | ०.०० | २४००००.०० | ७८९३८ | ७८९३८ | १६१०६२.०० |
| २२२१३ | २.३.१.५ सबै सवारी साधन मर्मत संभार खर्च | नेपाल सरकार | नगद | १००००० | ०.०० | १०००००.०० | १२३०० | १२३०० | ८७७००.०० |
| २२२१४ | २.९.२.३ सबै प्रकारका सवारी साधनको बिमा तथा नवीकरण | नेपाल सरकार | नगद | ७५००० | ०.०० | ७५०००.०० | ११६२४ | ११६२४ | ६३३७६.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२२२१ | २.३.२.५ कम्प्युटर/ प्रिन्टर/ स्क्यानर/ फोटोकपी मेसिन/ जेनेरेटर लगायतका अन्य मेसिन औजार मर्मत | नेपाल सरकार | नगद | १५०००० | ०.०० | १५००००.०० | ९७००० | ९७००० | ५३०००.०० |
| २२३११ | २.४.१.३ कार्यालय मसलन्द/ दस्तुर तथा शुल्क/ अरु मालसामान/ सुरक्षा सम्बन्धि खर्च र सामान ढुवानी खर्च | नेपाल सरकार | नगद | २५००००० | ०.०० | २५०००००.०० | २४८२६७३ | २४८२६७३ | १७३२७.०० |
| २२३१४ | २.२.३.८ इन्धन- अन्य प्रयोजन (इन्धन) | नेपाल सरकार | नगद | १३५००० | ०.०० | १३५०००.०० | ७६० | ७६० | १३४२४०.०० |
| २२४११ | २.५.२.२ विज्ञ र सल्लाहकार तथा अन्य सेवा (सेवा तथा परामर्श) | नेपाल सरकार | नगद | ४००००० | ०.०० | ४०००००.०० | १७९९९९ | १७९९९९ | २२०००१.०० |
| २२४१२ | २.५.६.३ नियमित सुधार खर्च/ परामर्श खर्च/ नवीकरण खर्च | नेपाल सरकार | नगद | २००००० | ०.०० | २०००००.०० | १९९१९६ | १९९१९६ | ८०४.०० |
| २२४१३ | २.५.८.११ सूचना प्रविधि अधिकृत | नेपाल सरकार | नगद | २५२००० | ०.०० | २५२०००.०० | १३०९५८ | १३०९५८ | १२१०४२.०० |
| २२४१३ | २.५.८.१० सुरक्षा गार्ड / माली | नेपाल सरकार | नगद | ५३२००० | ०.०० | ५३२०००.०० | ० | ० | ५३२०००.०० |
| २२४१३ | २.५.८.९ सवारी चालक | नेपाल सरकार | नगद | ३०८००० | ०.०० | ३०८०००.०० | ६८१८० | ६८१८० | २३९८२०.०० |
| २२४१३ | २.५.८.८ सहायक अधिकृत/ कम्प्युटर अपरेटर | नेपाल सरकार | नगद | १९७००० | ०.०० | १९७०००.०० | १६९४१७ | १६९४१७ | २७५८३.०० |
| २२४१३ | २.५.८.३.२ कार्यालय सहयोगी पारिश्रमिक | नेपाल सरकार | नगद | १३४००० | ०.०० | १३४०००.०० | १७५३२० | १७५३२० | -४१३२०.०० |
| २२६११ | २.८.१.१ अनुगमन मूल्यांकन खर्च | नेपाल सरकार | नगद | १५०००० | ०.०० | १५००००.०० | ७९९०० | ७९९०० | ७०१००.०० |
| २२६१२ | २.८.२.१ आन्तरिक भ्रमण (अनुगमन, मूल्यांकन र भ्रमण) | नेपाल सरकार | नगद | १८०००० | ०.०० | १८००००.०० | १६२५० | १६२५० | १६३७५०.०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२७११ | २.९.६.३ स्वागत तथा अतिथि सत्कार / चियापान तथा अन्य विविध खर्च | नेपाल सरकार | नगद | २९७००० | ०.०० | २९७०००.०० | १०२५५७ | १०२५५७ | १९४४४३.०० |
| २८१४२ | ८.१.३.३ कार्यालय तथा स्टोर घरभाडा | नेपाल सरकार | नगद | ३००००० | ०.०० | ३०००००.०० | १८९९३३ | १८९९३३ | ११००६७.०० |
| २८१४३ | ८.१.७.२ सवारी साधन तथा मेशिनरी औजार एवं पुँजीगत सम्पत्तीको भाडा | नेपाल सरकार | नगद | २७०००० | ०.०० | २७००००.०० | २५५००० | २५५००० | १५०००.०० |
| जम्मा | | | | ९९९९०००.०० | - | ९९९९०००.०० | ५६४७११५ | ५६४७११५ | ४३५१८८५.०० |

| सी.नं | बजेट उपसिर्षक नं | आयोजना / कार्यक्रम को नाम | प्रगति स्थिति (%) मा | | यस अबधिसम्म हासिल गरेका मुख्य-मुख्य उपलब्धिहरू | कार्यन्वयनमा देखिएका समस्याहरू | समस्या समाधानार्थ भएका प्रयासहरू |
|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | | | |
| १ | ३०१०००११४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश पुँजीगत खर्च | ८३.३३ | ७९.६१ | गाडी, फर्निचर, मेशीनरी उपकरण खरिद | | |
| २ | ३०१०००११३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश चालु खर्च | ५५.११ | ५६.४७ | कार्यालय संचानल सम्बन्धि खर्च | | |
| ३ | ३०१००१२०४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संघको सशर्त अनुदान पुँजीगत खर्च खर्च/PLGSP | ८० | ९.३४ | DPR (प्रशाशनिक भवन) तथा मास्टर प्लान तयार र अन्य कार्यालयसँग सम्बन्धित खर्च | लकडाउन, जनशक्ति अभाव, बजेट शीर्षक फरक परेको | शीर्षक सुधार प्रयास गरिएको |
| ४ | ३०१००१२०३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत संघको सशर्त अनुदान चालु खर्च | ३८ | ३८.६४ | GESI Audit/GESI Mainstreaming, Periodic Plan, लिजा संचालन, क्षमता विकास, सेवाकालीन सेवाप्रवेश तालिम संचालन तथा स्थानीय तहका सूचन प्रविधि अधिकृत लाई तालिम जस्ता कार्यक्रम संचालन | लकडाउन, जनशक्ति अभाव, ढिला सुरुवात भएको | Virtual मध्यमबाट तालिम संचांलन गरियो, Remote Follow Up गरियो |

## अनसूची– ५ आर्थिक बर्षको २०७७/०७८ को वार्षिक कार्यक्रम

| बजेट शीर्षक | क्रियाकलापहरू | बजेट (रु.'०००) |
|---|---|---|
| ७.१ | प्रादेशिक सुशासन केन्द्र (PCGG) को भौतिक पूर्वाधार/भवन निर्माण तथा मर्मत | ५००००.०० |
| ८.३ | स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan/RIAP) तयार गर्ने **(लक्ष्य:** ४३ स्थानीय तह) | १२९००.०० |
| ८.४ | स्थानीय तहको क्षमता विकास योजना तर्जुमा (CD plan) गर्ने **(लक्ष्य:** २२ स्थानीय तह) | ६६००.०० |
| ८.५ | स्थानीय तहको आवधिक योजना (Periodic Plan) तर्जुमा गर्ने **(लक्ष्य:** १२ स्थानीय तह) | २१०००.०० |
| ८.६ | स्थानीय तहमा राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अनुशिक्षण/अभिमुखीकरण (**लक्ष्य:** १०९ स्थानीय तह) | ४३६०.०० |
| ८.७ | स्थानीय तहका जनप्रतिनिधि र पदाधिकारी/कर्मचारीका लागि Mid-Term Expenditure Framework (MTEF) सम्बन्धि अनुशिक्षण/अभिमुखीकरण **(लक्ष्य:** १०९ स्थानीय तह) | ४३६०.०० |
| ८.८ | स्थानीय तहहरूको संस्थागत स्वमूल्यांकन (Local Government Institutional Self-Assessment/ LISA) गर्ने **(लक्ष्य:** १०९ स्थानीय तह) | २१८००.०० |
| ८.९ | स्थानीय तहमा आन्तरिक नियन्त्रण कार्यविधि लागू गर्न प्राविधिक सहयोग (Coaching and Mentoring) **(लक्ष्य:** ७ स्थानीय तह) | ७००.०० |
| ९.१ | स्थानीय तहमा सार्वजनिक उत्तरदायित्व विधिको प्रयोग (सार्वजनिक सुनवाई, सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण) **(लक्ष्य:** ४३ स्थानीय तह) | ४३००.०० |
| १०.१ | स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशी (GESI) मुलप्रवाहीकरण **(लक्ष्य:** १०९ स्थानीय तह) | १०९००.०० |
| १०.२ | स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशी (GESI) परीक्षण संचालन **(लक्ष्य:** ५१ स्थानीय तह) | १०२००.०० |
| १३.५ | प्रदेश सभाका सदस्यहरूका लागि Policy Formulation & Harmonization सम्बन्धि परामर्श गोष्ठी २ दिने (६० जना) | १६०००.०० |
| १३.६ | मन्त्रिपरिषद्को सदस्य तथा उच्चपदस्त कर्मचारीको लागि Hospitality Management (Diplomacy & Courtesy Management) अन्तरक्रिया/गोष्ठी १ दिने (३५ जना) | - |
| १३.७ | उच्च पदस्थ कर्मचारीका लागी Good Governance & Policy Discussion सम्बन्धि परामर्श गोष्ठी २ दिने (३५ जना) | - |

| | | |
|---|---|---|
| १३.८ | मु.म.तथा म.प. को कार्यालय तथा प्रदेश तहका मन्त्रालयको सचिवालय अन्तर्गत कार्यरत secretariat कर्मचारीका लागि अनुशिक्षण/तालिम २ दिने (३५ जना) | - |
| १३.९ | प्रदेश तहमा आउने नयाँ कर्मचारीका लागि सेवाकालीन तालिम ३० दिने (३५ जना) | - |
| १४.१ | स्थानीय तहका पदाधिकारी एवं सम्बन्धित कर्मचारीका लागि **बिपद् व्यवस्थापन सम्बन्धि** तालिम (जस्तै : Covid 19, floods, fire, earth quake other natural calamities) | ३५०००.०० |
| १४.२ | स्थानीय तहका पदाधिकारी एवं सम्बन्धित कर्मचारीका लागि **स्थानीय तहको उद्यमशीलता प्रवर्धन सम्बन्धि** (Enterprises development & Employment creation) तालिम | - |
| १४.३ | स्थानीय तहका पदाधिकारी एवं सम्बन्धित कर्मचारीका लागि **दिगो विकास लक्ष्य स्थानिकरण सम्बन्धि** अनुशिक्षण/तालिम | - |
| १४.४ | स्थानीय तहमा आउने नयाँ कर्मचारीका लागि **सेवाकालीन तालिम** | - |
| १४.५ | स्थानीय तहमा कार्यरत **सूचना प्रविधि अधिकृतका लागि परामर्श गोष्ठी** (वर्षमा २ पटक) | - |
| १४.६ | स्थानीय तहका पदाधिकारी एवं सम्बन्धित कर्मचारीका लागि **सार्वजनिक वित्त व्यवस्थापन (PFM) तथा खरिद प्रक्रिया (Procurement) सम्बन्धि तालिम** | - |
| १४.७ | स्थानीय तहको **बजेट तथा योजना तर्जुमा एवं अनुगमन प्रणाली सम्बन्धि** तालिम | - |
| १४.८ | स्थानीय तहका पदाधिकारी एवं सम्बन्धित कर्मचारीका लागि महत्वपूर्ण **कानुन/नीति/नियम तर्जुमा तथा कार्यान्वयनसम्बन्धि** अनुशिक्षण/तालिम (selected LG | - |
| १४.९ | स्थानीय तहको कार्यपालिका र परिषद्का निर्वाचित तथा मनोनित गरिएका सबै महिला, दलित/जनजाति तथा सिमान्तकृत सदस्यहरूका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण **(GESI) सम्बन्धि** तालिम | - |
| १४.१० | वडा समितिका सदस्य एवं कर्मचारीका लागि **सेवा प्रवाह सम्बन्धि क्षमता विकास** | - |
| | संचालन खर्च | २६७५.०० |
| | मेशीनरी औजार तथा उपकरण खर्च | २२७५.०० |
| | **जम्मा** | **२०३०७०.००** |

## अनसूची- ६ चालु आर्थिक वर्ष २०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रमको सूची

### प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

| क्र.स. | क्रियाकलापहरू | वार्षिक लक्ष्य | वार्षिक लक्ष्य (इकाई) | कैफियत |
|---|---|---|---|---|
| **प्रतिफल ७:** क्षमता अभिवृद्धिका सेवाहरू प्रवाहित गर्नका लागि प्रदेशस्तरीय सुशासन केन्द्रहरूलाई क्रियाशील बनाइनेछ | | | | |
| **Output 7: PCGGs made operational to deliver CD service** | | | | |
